# स्थानीय तह निर्वाचन सञ्चालन (आर्थिक व्यवस्थापन) कार्यविधि, २०७८[*]

निर्वाचन आयोगबाट स्वीकृत मिति

२०७८।११।३०

**<u>प्रस्तावना :</u>** स्थानीय तहको निर्वाचनमा हुने खर्चको सञ्चालन एवम् व्यवस्थापन गर्न निर्वाचन आयोग ऐन, २०७३ को दफा २८ समेतको प्रयोजनको लागि सोही ऐनको दफा ५० ले दिएको अधिकार प्रयोग गरी निर्वाचन आयोगले यो कार्यविधि बनाई लागू गरेको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

१. **<u>संक्षिप्त नाम र प्रारम्भ :</u>** (१) यस कार्यविधिको नाम "स्थानीय तह निर्वाचन सञ्चालन (आर्थिक व्यवस्थापन) कार्यविधि, २०७८" रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. **<u>परिभाषा :</u>** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "आयुक्त" भन्नाले आयोगको निर्वाचन आयुक्त सम्झनु पर्छ र सो शब्दले प्रमुख निर्वाचन आयुक्तलाई समेत जनाउँछ ।

(ख) "आयोग" भन्नाले नेपालको संविधानको धारा २४५ बमोजिमको निर्वाचन आयोग सम्झनु पर्छ।

(ग) "आयोगको सचिवालय" भन्नाले आयोगको कार्य सञ्चालन तथा व्यवस्थापनको लागि निर्वाचन आयोग ऐन, २०७३ को दफा १५ बमोजिमको सचिवालय सम्झनु पर्छ।

(घ) "निर्वाचन" भन्नाले स्थानीय तह निर्वाचन ऐन, २०७३ बमोजिम हुने स्थानीय तह निर्वाचन सम्झनु पर्छ ।

(ङ) "निर्वाचन अधिकारी" भन्नाले निर्वाचन कार्यालयको प्रमुख सम्झनु पर्छ ।

(च) "निर्वाचन अधिकृत" भन्नाले स्थानीय तह निर्वाचन ऐन, २०७३ को दफा ७ बमोजिम नियुक्त हुने निर्वाचन अधिकृत सम्झनु पर्छ र सो शब्दले मुख्य निर्वाचन अधिकृत र सहायक निर्वाचन अधिकृतलाई समेत जनाउँछ ।

(छ) "निर्वाचन कार्यालय" भन्नाले प्रदेश निर्वाचन कार्यालय वा जिल्ला निर्वाचन कार्यालय सम्झनु पर्छ ।

(ज) "मतदान अधिकृत" भन्नाले स्थानीय तह निर्वाचन ऐन,२०७३ को दफा ११ बमोजिम नियुक्त मतदान अधिकृत सम्झनु पर्छ र सो शब्दले सहायक मतदान अधिकृतलाई समेत जनाउँछ ।

---

[*] **नेपाल सरकार, अर्थ मन्त्रालयको प.सं. २१२-१क, च.नं. ११४०, मिति २०७८।११।२९ को पत्रबाट सहमति प्राप्त ।**

(झ) "मतदान केन्द्र" भन्नाले निर्वाचनमा मतदान गर्ने प्रयोजनको लागि आयोगले स्थानीय तह निर्वाचन ऐन, २०७३ को दफा २९ बमोजिम तोकेको मतदान केन्द्र सम्झनु पर्छ ।

(ण) "मतपत्र" भन्नाले निर्वाचनमा मतदान गर्नको लागि व्यवस्था गरिएको मतपत्र सम्झनु पर्छ ।

(त) "सचिव" भन्नाले आयोगको सचिव सम्झनु पर्छ।

(थ) "स्थानीय तह" भन्नाले गाउँपालिका, नगरपालिका र जिल्ला सभा सम्झनु पर्छ ।

## परिच्छेद-२
## बजेट व्यवस्थापन तथा अख्तियारी सम्बन्धी व्यवस्था

३. **आयोगको बजेट व्यवस्थापन सम्बन्धी व्यवस्था :** (१) निर्वाचन आयोग ऐन, २०७३ को दफा २७ को उपदफा (१) बमोजिम निर्वाचनको सञ्चालन, रेखदेख, निर्देशन र नियन्त्रण गर्ने प्रयोजनको लागि आवश्यक पर्ने बजेट आयोगले नेपाल सरकार, अर्थ मन्त्रालयसँग माग गर्नेछ।

(२) आयोगलाई प्राप्त हुने बजेटको व्यवस्थापन र बाँडफाँट आयोगले गर्नेछ।

(३) सचिवले उपदफा (२) बमोजिम बाँडफाँट भएको बजेट आयोग, निर्वाचन अधिकृतको कार्यालय र निर्वाचन कार्यालयको नाममा मन्त्रालयगत बजेट सूचना प्रणाली (एलएमबिआइएस) मा क्रियाकलापगत बजेट प्रविष्ट गरी अर्थ मन्त्रालयमा पठाउनु पर्नेछ।

(४) उपदफा (३) बमोजिम मन्त्रालयगत बजेट सूचना प्रणाली (एलएमबिआइएस) मा स्वीकृत भएपछि आयोगमा खर्च गर्नुपर्ने रकम आयोगको सचिवालयले खर्च गर्नेछ । निर्वाचन अधिकृतको कार्यालय र निर्वाचन कार्यालयले खर्च गर्ने रकमको अख्तियारी सचिवले निर्वाचन अधिकृत र निर्वाचन अधिकारीलाई मन्त्रालयगत बजेट सूचना प्रणाली (एलएमबिआइएस) मार्फत दिनेछ।

(५) उपदफा (४) बमोजिमको अख्तियारी र मन्त्रालयगत बजेट सूचना प्रणाली (एलएमबिआइएस) मा प्रविष्ट भएको क्रियाकलाप तथा बजेटको आधारमा कोष तथा लेखा नियन्त्रक कार्यालयले सम्बन्धित कार्यालयलाई निकासा दिनेछ।

(६) उपदफा (४) र (५) को अधीनमा रही निकासा प्राप्त गर्ने, यस कार्यविधि र प्रचलित कानून बमोजिम खर्च गर्ने, लेखा राख्ने, प्रतिवेदन गर्ने, लेखापरीक्षण गराउने र बेरुजु फछ्र्यौट गर्ने गराउने जिम्मेवारी खर्च गर्न अख्तियारी प्राप्त गर्ने अधिकारीको हुनेछ।

४. **खर्च गर्ने :** अर्थ मन्त्रालयबाट निकासा प्राप्त रकम आयोग, निर्वाचन अधिकृतको कार्यालय र निर्वाचन कार्यालयले यस कार्यविधिमा लेखिएकोमा यसै बमोजिम र नलेखिएकोमा प्रचलित कानून बमोजिम खर्च गर्नु पर्नेछ।

५. **निर्वाचन सुविधा :** (१) निर्वाचनको कुनै काममा संलग्न आयुक्त, आयोगको सचिवालय तथा निर्वाचन कार्यालयमा स्वीकृत दरबन्दीमा कार्यरत स्थायी तथा सेवा करार र काजमा कार्यरत कर्मचारी, आयुक्तको सुविधामा कार्यरत कर्मचारी, आयुक्तको निवासमा सुरक्षाका लागि खटिएका सुरक्षाकर्मी, आयुक्त तथा सचिवका निजी सुरक्षा अधिकारी (पिएसओ) तथा आयोगको मूल गेटमा खटिने नेपाल प्रहरीका दश जनासम्म सुरक्षाकर्मीले निर्वाचन घोषणा भएको मितिदेखि निर्वाचनको अन्तिम परिणाम प्रकाशन भएको मितिले पैंतीस दिनसम्म अनुसूची-१ बमोजिम निर्वाचन सुविधा र खाजा तथा खाना खर्च पाउनेछन् ।

तर सात दिन भन्दा बढी विदामा रहेका वा अन्य कारणले अनुपस्थित भएको कर्मचारीले सो अवधिको निर्वाचन सुविधा र कार्यालयमा हाजिर नभएको दिनको खाजा तथा खाना खर्च पाउने छैन।

(२) भ्रमण आदेशबाट निर्वाचनको काममा काजमा खटिएको अवस्थामा त्यसरी खटिने आयुक्त तथा आयोगको सचिवालयमा कार्यरत कर्मचारीले सो अवधिभरको लागि भ्रमण खर्च नियमावली, २०६४ बमोजिम पाउने दैनिक भत्ता तथा भ्रमण खर्चको अतिरिक्त दैनिक भत्ताको पचास प्रतिशतले हुन आउने रकम थप भत्ता पाउनेछन् ।

(३) उपदफा (२) बमोजिम खटिने आयुक्त वा कर्मचारीले भ्रमण प्रतिवेदन पेश गर्नु पर्नेछ ।

(४) उपदफा (२) बमोजिम काजमा खटिएको आयुक्त तथा कर्मचारीले सो अवधिको खाजा तथा खाना खर्च पाउने छैनन् ।

(५) आयुक्त तथा आयोगको सचिवालयका कर्मचारीले निर्वाचन घोषणा भएको मितिदेखि निर्वाचनको अन्तिम परिणाम प्रकाशन भएको मितिले पैंतीस दिनसम्म प्रतिमहिना अनुसूची-१ बमोजिम सञ्चार सुविधा पाउनेछन् ।

६. <u>निर्वाचन सञ्चालन खर्च :</u> (१) आयोगको सचिवालय, निर्वाचन अधिकृतको कार्यालय र निर्वाचन कार्यालयले निर्वाचन सञ्चालनको लागि देहाय बमोजिम खर्च गर्न सक्नेछन् :-

(क) निर्वाचन सञ्चालन गर्न आवश्यक पर्ने सामग्री उत्पादन, खरिद, मतदाता शिक्षा सामग्री र मतपत्र डिजाइन, छपाइ, प्याकिङ र ढुवानी खर्च,

(ख) निर्वाचनको सन्दर्भमा सञ्चालन गर्ने मुख्य प्रशिक्षक प्रशिक्षण कार्यक्रम तथा निर्वाचन अधिकृत, अनुगमनकर्ता, अनुगन टोलीका सदस्य, मतदान अधिकृत, सहायक मतदान अधिकृत, मतदान वा मतगणना कार्यमा खटिने कर्मचारी, निर्वाचन अधिकारी, सञ्चारकर्मी, सुरक्षाकर्मी, पर्यवेक्षकको लागि सञ्चालन गर्ने तालिम, अभिमुखीकरण, लेखा तथा सामग्री व्यवस्थापन, मतदाता शिक्षा, स्वयंसेवकको अभिमुखीकरण, राजनीतिक दलसँग छलफल तथा अन्तर्क्रिया वा यस्तै अन्य तालिम तथा प्रशिक्षण कार्यक्रम, छलफल वा अन्तर्क्रिया सञ्चालन तथा व्यवस्थापन खर्च,

(ग) निर्वाचन अवधिमा खपत हुने पानी तथा बिजुली, सञ्चार महशूल, घरभाडा (गोदाम समेत), सवारी साधन तथा उपकरण मर्मत सम्भार, इन्धन तथा कार्यालय सामान सम्बन्धी खर्च,

(घ) निर्वाचन अवधिभर विविध खर्चमा आयोगले बाँडफाँट गरेको रकमबाट हुने खर्च,

(ङ) यस कार्यविधिमा उल्लिखित अन्य कार्यका लागि गरिने खर्च,

(च) निर्वाचन सञ्चालन गर्न आयोगको निर्णयानुसारका कार्यमा गरिने खर्च ।

(२) निर्वाचनसँग सम्बन्धित तालिम, गोष्ठी, सेमिनार तथा कार्यशाला सञ्चालन सम्बन्धी खर्चको मापदण्ड अनुसूची-२ बमोजिम हुनेछ।

## परिच्छेद-३

## निर्वाचन अधिकृतको कार्यालय स्थापना, कर्मचारी व्यवस्थापन र खाता सञ्चालन सम्बन्धी व्यवस्था

७. **कार्यालय स्थापना गर्नुपर्ने :** (१) मुख्य निर्वाचन अधिकृतले आफू खटिएको जिल्लाको जिल्ला सदरमुकाम रहेको गाउँपालिका वा नगरपालिकाको केन्द्रमा मुख्य निर्वाचन अधिकृतको कार्यालय स्थापना गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम कार्यालय स्थापना गर्दा सम्बन्धित गाउँपालिका वा नगरपालिकाको कार्यालय वा जिल्ला समन्वय समितिको कार्यालय वा सम्बन्धित जिल्लाको निर्वाचन कार्यालय वा अन्य कुनै सरकारी कार्यालय वा सरकारी स्वामित्वमा रहेको कार्यालयको भवनलाई प्रयोग गर्नु पर्नेछ। तर त्यस्तो भवन उपलब्ध नभएका कारण घर भाडामा लिनुपर्ने अवस्था भएमा दफा १४ मा उल्लिखित बजेटको सीमाभित्र रही उपयुक्त स्थानमा घर भाडामा लिन सकिनेछ ।

(३) निर्वाचन अधिकृतले आफू नियुक्त भएको गाउँपालिका वा नगरपालिकाको केन्द्रमा निर्वाचन अधिकृतको कार्यालय स्थापना गर्नु पर्नेछ ।

(४) निर्वाचन अधिकृतको कार्यालय सम्बन्धित गाउँपालिका वा नगरपालिकाको कार्यालय भवन वा गाउँपालिका वा नगरपालिकाको केन्द्रमा अवस्थित कुनै सरकारी स्वामित्व रहेको भवन वा सामुदायिक भवनमा स्थापना गर्नु पर्नेछ। तर त्यस्तो भवनमा कार्यालय सञ्चालनको लागि उपयुक्त नभएमा वा निर्वाचन सामग्रीको भण्डारणका लागि स्थानको अभाव हुने अवस्था भएमा दफा १४ मा उल्लिखित बजेटको सीमाभित्र रही आवश्यकतानुसार थप घर वा कोठा भाडामा लिन सकिनेछ ।

(५) उपदफा (२) र (४) बमोजिम घर भाडामा लिनुपर्ने अवस्थामा घरधनीसँग प्रस्ताव लिई सोझै वार्ता गरी लिन सकिने छ । यसरी घर भाडामा लिंदा घरधनीसँग सम्झौता गर्नु पर्नेछ ।

(६) निर्वाचन अधिकृतको कार्यालय स्थापना गर्न सम्बन्धित स्थानीय तहले आवश्यक सहयोग गर्नु पर्नेछ ।

(७) मुख्य निर्वाचन अधिकृतले आफ्नो कार्यालयको लागि आवश्यक पर्ने फर्निचर तथा भौतिक साधन एवम् सामग्री सम्बन्धित स्थानीय तह, जिल्लास्थित सरकारी कार्यालय, सरकारी स्वामित्व वा नियन्त्रणमा रहेका कार्यालयबाट प्राप्त गर्नुपर्नेछ ।

(८) निर्वाचन अधिकृतले आफ्नो कार्यालयको लागि आवश्यक पर्ने फर्निचर तथा भौतिक साधन सम्बन्धित गाउँपालिका वा नगरपालिकाको कार्यालय, स्थानीयस्तरमा रहेका सरकारी कार्यालय, सरकारी स्वामित्वमा रहेका कार्यालय वा सामुदायिक विद्यालयबाट प्राप्त गर्नुपर्नेछ ।

(९) उपदफा (७) र (८) बमोजिमको भौतिक साधन उपलब्ध गराउने कर्तव्य सम्बन्धित कार्यालय वा निकायको हुनेछ ।

८. **निर्वाचन अधिकृतको कार्यालयमा रहने कर्मचारी :** (१) निर्वाचन अधिकृतको कार्यालयमा अनुसुची-३ मा उल्लेख भए बमोजिमका कर्मचारी रहनेछन् ।

(२) निर्वाचन कार्यक्रम सञ्चालन अवधिको कार्यचापलाई दृष्टिगत गरी उम्मेदवारको मनोनयनपत्र दाखिला गर्ने दिनको अघिल्लो दिनदेखि आठ दिनसम्मका लागि निर्वाचन अधिकृतको कार्यालयमा देहाय बमोजिमका थप जनशक्ति काजमा ल्याउन सकिने छ :-

(क) गाउँपालिका र दश वटासम्म वडा संख्या रहेका नगरपालिकाका निर्वाचन अधिकृतको कार्यालयमा थप नहुने,

(ख) दश वटाभन्दा बढी वडा संख्या रहेका नगरपालिकाका निर्वाचन अधिकृतको कार्यालयमा प्रत्येक तीन वटा वडाका लागि एक जना सहायक कर्मचारी,

(३) मुख्य निर्वाचन अधिकृतको कार्यालयमा मतदान अधिकृत, सहायक मतदान अधिकृतलाई दैनिक तथा भ्रमण खर्च एवम् मतदान केन्द्र सम्बन्धी खर्च भुक्तानी दिने कार्यका लागि थप जनशक्ति आवश्यक पर्ने भएमा बढीमा सात दिनसम्मका लागि देहाय बमोजिम लेखापाल वा सह लेखापाल कर्मचारी काजमा ल्याउन सकिनेछ :-

(क) पचहत्तर वटासम्म मतदान केन्द्र भएमा थप नगर्ने,

(ख) पचहत्तरदेखि एक सय वटासम्म मतदान केन्द्र भएमा एक जना,

(ग) एक सय एकदेखि दुई सय वटासम्म मतदान केन्द्र भएमा दुई जना,

(घ) दुई सय एकदेखि तीन सय वटासम्म मतदान केन्द्र भएमा तीन जना,

(ङ) तीन सय एकदेखि पाँच सय वटासम्म मतदान केन्द्र भएमा चार जना,

(च) पाँच सयदेखि माथि जतिसुकै मतदान केन्द्र भए तापनि पाँच जना ।

(४) मुख्य निर्वाचन अधिकृतको कार्यालयमा मतपत्र रुजु गर्ने, प्याकेजिङ गर्ने, मतदान अधिकृतलाई मतपत्र बुझाउने कामको लागि थप जनशक्ति आवश्यक पर्ने भएमा बढीमा सात दिनसम्मको लागि देहाय बमोजिम कर्मचारी काजमा खटाउन सकिनेछ :-

(क) पचास वटासम्म मतदान केन्द्र भएमा थप नगर्ने,

(ख) एकाउन्नदेखि एक सय वटासम्म मतदान केन्द्र भएमा दुई जना,

(ग) एकसय एकदेखि दुई सय वटासम्म मतदान केन्द्र भएमा तीन जना,

(घ) दुई सय एकदेखि तीन सय वटासम्म मतदान केन्द्र भएमा चार जना,

(ङ) तीन सय एकदेखि पाँच सय वटासम्म मतदान केन्द्र भएमा पाँच जना,

(च) पाँच सयदेखि माथि जतिसुकै मतदान केन्द्र भए तापनि छ जना ।

(५) उपदफा (२), (३) र (४) बमोजिमका कर्मचारीले अनुसूची-१ मा उल्लिखित सुविधा पाउनेछन् ।

(६) निर्वाचन अधिकृतको कार्यालयमा रहने कर्मचारीमध्ये निर्वाचन अधिकृत, सहायक कर्मचारी एकजना, लेखा राख्ने कर्मचारी एकजना, सवारी चालक वा सयस, कार्यालय सहयोगी एकजना र निजी सुरक्षा अधिकारी (पिएसओ) गाउँ कार्यपालिका वा नगर कार्यपालिकाको महिला र दलित वा अल्पसंख्यक सदस्यको निर्वाचन सम्पन्न भएको मितिले बढीमा पन्ध्र दिनसम्म र निर्वाचन अधिकृतको कार्यालयमा रहने दफा ८ (१) बमोजिमका अन्य कर्मचारी त्यस्तो निर्वाचनको अन्तिम परिणाम घोषणा भएको मितिले पाँच दिनसम्म काजमा रहनेछन् ।

९. **सुरक्षाकर्मी सम्बन्धी व्यवस्था :** (१) निर्वाचन अधिकृतको कार्यालयको सुरक्षाको लागि बढीमा दश जना सुरक्षाकर्मी राख्न सकिनेछ ।

(२) मतदान कार्य सम्पन्न भएपछि मतदान अधिकृतले बुझाउन ल्याएका मतपत्र रहेका मतपेटिका राख्ने स्थान र मतगणनास्थलको सुरक्षाको लागि पन्ध्र जनासम्म सुरक्षाकर्मी राख्न सकिनेछ।

१०. **संयुक्त दस्तखतबाट आर्थिक कारोबार सञ्चालन हुने :** (१) निर्वाचन अधिकृतको कार्यालयको विनियोजन, राजश्व र धरौटीको आर्थिक कारोबार निर्वाचन अधिकृत वा निजले अधिकार प्रत्यायोजन गरेको अधिकृत र लेखा अधिकृत वा लेखापाल वा सहलेखापालको संयुक्त दस्तखतबाट सञ्चालन हुनेछ ।

(२) उपदफा (१) अनुसार खाता सञ्चालन गर्दा खाता सञ्चालकहरूको दस्तखत नमूना प्रमाणित सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयले गर्नेछ ।

(३) उपदफा (१) बमोजिम अधिकार प्रत्यायोजन भई भएको खर्चको जिम्मेवारी निर्वाचन अधिकृतको हुनेछ ।

(४) निर्वाचन अधिकृतको कार्यालयले भुक्तानी निकासाका लागि एकीकृत सरकारी लेखा प्रणाली (CGAS) बाट स्वत एकल कोष खाता (TSA) प्रणालीमा जाने भुक्तानी आदेशको प्रमाणित प्रति विद्युतीय माध्यम (e-mail) बाट सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयमा पठाउनु पर्नेछ ।

(५) उपदफा (४) बमोजिम पठाइएको भुक्तानी आदेशको आधारमा कोष तथा लेखा नियन्त्रक कार्यालयले भुक्तानी निकासा गर्नेछ। यस प्रयोजनको लागि उपदफा (२) बमोजिमको खाता सञ्चालकको दस्तखत नमूनाको साथमा निर्वाचन अधिकृतको कार्यालयको इमेल ठेगाना समेत प्रमाणित गरी पठाउनु पर्नेछ ।

(६) उपदफा (४) बमोजिम पठाइएका भुक्तानी आदेशको सक्कल प्रति निर्वाचन अधिकृतको कार्यालयले सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट हुने आन्तरिक लेखापरीक्षणको समयमा पेश गर्नु पर्नेछ ।

(७) नगद कारोबार गर्दा हुन सक्ने जोखिम कम गर्न निर्वाचनमा खटिएका कर्मचारी, आपूर्तिकर्ता, सेवा प्रदायक र परामर्शदातालाई गरिने सबै प्रकारका भुक्तानी गर्दा सम्भव भएसम्म सम्बन्धितका बैंक खातामार्फत गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

(८) उपदफा (२) बमोजिम आर्थिक कारोबार सञ्चालन गर्दा यो कार्यविधि र प्रचलित कानून बमोजिमको रीत पुऱ्याई गर्नुपर्नेछ ।

## परिच्छेद-४
## निर्वाचन अधिकृतको कार्यालयको खर्च सम्बन्धी व्यवस्था

११. **निर्वाचन सुविधा :** (१) मुख्य निर्वाचन अधिकृतको कार्यालय तथा निर्वाचन अधिकृतको कार्यालयमा रहने दफा ८ को उपदफा (१) बमोजिमका कर्मचारीमध्ये मुख्य निर्वाचन अधिकृत तथा निर्वाचन अधिकृत र निजको निजी सुरक्षा अधिकारी (पिएसओ) ले नियुक्ति पाएको मितिदेखि र अन्य कर्मचारीले निर्वाचन अधिकृतको कार्यालयमा हाजिर भएको मितिदेखि दफा ८ को उपदफा (६) मा उल्लिखित अवधिसम्म अनुसुची-१ बमोजिमको निर्वाचन सुविधा पाउनेछन् । यस दफा बमोजिमको सुविधा सेवा करारमा काम गर्ने कर्मचारीहरूले समेत पाउनेछन् ।

तर सात दिन भन्दा बढी बिदामा रहेका वा अन्य कारणले अनुपस्थित भएका कर्मचारीले सो अवधिको निर्वाचन सुविधा पाउने छैन ।

(२) दफा ८ को उपदफा (१) बमोजिम निर्वाचन अधिकृत र निर्वाचन अधिकृतको कार्यालयमा खटिएका कर्मचारी र निजी सुरक्षा अधिकारी (पिएसओ) ले कार्यालयमा हाजिर भएको दिनको अनुसुची-१ बमोजिमको खाजा तथा खाना खर्च पाउने छन्।

(३) निर्वाचन सुविधामा दुर्गम स्थान भत्ता तथा अन्य कुनै भत्ता जोडी खर्च लेख्न पाइने छैन।

(४) मुख्य निर्वाचन अधिकृतले जिल्लाभित्रका निर्वाचन अधिकृतहरूबीच सम्पर्क तथा समन्वय कायम गर्न सम्बन्धित जिल्लामा रहेका स्थानीय तहको संख्याका आधारमा आफू निर्वाचन अधिकृत तोकिएको स्थानीय तह बाहेक निर्वाचन अवधिभर प्रति स्थानीय तहको लागि थप एक हजार रूपैयाँका दरले एकमुष्ट थप भत्ता पाउनेछन् ।

(५) निर्वाचन अधिकृतले निर्वाचन अवधिभर अनुसूची-१ बमोजिमको सञ्चार सुविधा एकमुष्ठ पाउनेछ ।

१२. **<u>स्थानीय भत्ता :</u>** नेपाल सरकारबाट तोकेको दरमा स्थानीय भत्ता पाउने जिल्लामा अन्यत्र जिल्लाबाट खटिई आएका निर्वाचन अधिकृत र निर्वाचन अधिकृतको कार्यालयका कर्मचारीले नेपाल सरकारले तोकेको दरमा स्थानीय भत्ता पाउनेछन् ।

१३. **<u>दैनिक भत्ता तथा भ्रमण खर्च :</u>** (१) निर्वाचन अधिकृत र निर्वाचन अधिकृतको कार्यालयमा खटिएका अन्य कर्मचारीले आफू नियुक्ति भएपछि आफ्नो पदाधिकार रहेको कार्यालयबाट आफू खटिएको निर्वाचन अधिकृतको कार्यालयमा हाजिर हुन जाँदा र निर्वाचनको कार्य सम्पन्न गरी आफ्नो पदाधिकार रहेको कार्यालयमा फर्किंदाको दिनको भ्रमण खर्च नियमावली, २०६४ बमोजिम दैनिक भत्ता तथा भ्रमण खर्च पाउनेछन् ।

(२) निर्वाचन अधिकृत तथा निर्वाचन अधिकृतको कार्यालयका अन्य कर्मचारीले निर्वाचन अधिकृतको कार्यालयमा हाजिर भएको दिनदेखि दफा ८ को उपदफा (६) मा उल्लिखित अवधिसम्म भ्रमण खर्च नियमावली, २०६४ को नियम ७ को उपनियम (६) र (६ख) बमोजिम दैनिक भत्ता पाउनेछन् ।

तर पदाधिकार रहेको कार्यालयबाट निर्वाचन अधिकृतको कार्यालय रहेको स्थान छ कोष वा पन्ध्र किलोमिटर भन्दा घटी भएमा त्यस्तो निर्वाचन अधिकृत र निर्वाचन अधिकृतको कार्यालयमा खटिएका अन्य कर्मचारीले दैनिक भत्ता पाउने छैनन् ।

(३) निर्वाचन अधिकृत र निर्वाचन अधिकृतको कार्यालयका अन्य कर्मचारीले उपदफा (२) बमोजिमको दैनिक भत्तामा भ्रमण खर्च नियमावली, २०६४ को नियम ७ को उपनियम (२) बमोजिम थप रकम पाउने रहेछ भने सो रकम समेत थप गरी पाउनेछ ।

(४) निर्वाचन सम्बन्धी कामको सिलसिलामा मतदान केन्द्रको निरीक्षण वा आचारसंहिता अनुगमनका लागि जानु परेमा निर्वाचन अधिकृतले प्रतिदिन तीन हजार रूपैयाँ अनुगमन भत्ता पाउनेछ। तर त्यस्तो अनुगमन भत्ता निर्वाचन अवधिभर दश दिन भन्दा बढी अवधिको लागि पाउने छैन ।

(५) उपदफा (४) बमोजिम अनुगमन गर्दा अनुगमन प्रतिवेदन पेश गर्नु पर्नेछ ।

(६) उपदफा (१) मा जुनसकै कुरा लेखिएको भए तापनि निर्वाचन अधिकृत र निर्वाचन अधिकृतको कार्यालयका अन्य कर्मचारीले पदाधिकार रहेको कार्यालयबाट दैनिक भत्ता तथा भ्रमण खर्च पाइरहेको भए दोहोरो पर्ने गरी दैनिक भत्ता तथा भ्रमण खर्च पाउने छैनन् ।

(७) उपदफा (२) बमोजिम दैनिक भत्ता पाइरहेका कर्मचारी बाहेक निर्वाचन अधिकृतको कार्यालयमा रहेका अन्य कर्मचारीले निर्वाचन सम्बन्धी काममा आफ्नो कार्यक्षेत्रभित्र काज खटिदा भ्रमण खर्च नियमावली, २०६४ बमोजिम दैनिक भत्ता तथा भ्रमण खर्च पाउनेछन् ।

(८) उपदफा (२) बमोजिम दैनिक भत्ता पाइरहेका निर्वाचन अधिकृतको कार्यालयका कर्मचारीले काज खटिँदा भ्रमण खर्च नियमावली, २०६४ को नियम ६ बमोजिमको भ्रमण खर्च मात्र पाउनेछन् ।

(९) उपदफा (२), (४) र (७) बमोजिम दैनिक भत्ता तथा भ्रमण खर्च र अनुगमन भत्ता पाउने निर्वाचन अधिकृत तथा अन्य कर्मचारीले त्यस्तो भत्ता पाएको अवधिको लागि दफा ११ को उपदफा (२) बमोजिमको खाजा तथा खाना खर्च पाउने छैनन्।

१४. <u>कार्यालय सञ्चालन तथा व्यवस्थापन सम्बन्धी खर्च :</u> निर्वाचन अधिकृतको कार्यालयले कार्यालय सञ्चालन तथा व्यवस्थापनको लागि सो कार्यालय सञ्चालनमा रहेसम्मको अवधिभर अनुसूची-४ बमोजिमको सीमाभित्र रही खर्च गर्नु पर्नेछ ।

## परिच्छेद-५
## मतदान केन्द्रमा खटिने जनशक्ति र मतदान केन्द्रको खर्च सम्बन्धी व्यवस्था

१५. **<u>मतदान केन्द्रमा खटिने जनशक्ति र सुविधा :</u>** (१) प्रत्येक मतदान केन्द्रमा खटिने कर्मचारीको विवरण अनुसूची-५ मा उल्लेख भए बमोजिम हुनेछ ।

(२) मतदान केन्द्रमा खटिने कर्मचारीले आफू कार्यरत कार्यालयबाट निर्वाचन अधिकृतको कार्यालयमा नियुक्ति लिन आउँदा लाग्ने दिन, निर्वाचन अधिकृतको कार्यालयमा नियुक्ति लिन उपस्थित हुँदाको एक दिन, तयारी म्याद एक दिन, निर्वाचन अधिकृतको कार्यालयबाट मतदान केन्द्रसम्म जाँदा लाग्ने दिन, मतदान केन्द्रमा बस्नुपर्ने तीन दिन, मतदान केन्द्रबाट सम्बन्धित निर्वाचन अधिकृतको कार्यालयसम्म आउँदा लाग्ने दिन र निर्वाचन अधिकृतको कार्यालयबाट आफू कार्यरत कार्यालयमा फर्किदा लाग्ने दिन समेत कूल अवधिका लागि अनुसूची-६ बमोजिमको दैनिक भत्ता र भ्रमण खर्च पाउनेमा भ्रमण खर्च समेत सम्बन्धित निर्वाचन अधिकृतको कार्यालयबाट भुक्तानी पाउनेछ । मतदान अधिकृत तथा सहायक मतदान अधिकृतले तालिम भएको दिनको समेत दैनिक भत्ता पाउनेछन् ।

(३) उपदफा (२) बमोजिमको दैनिक भत्ता तथा भ्रमण खर्च मतदान अधिकृत र सहायक मतदान अधिकृतले मुख्य निर्वाचन अधिकृतको कार्यालयबाट र सहायक तथा सहयोगी कर्मचारीले सम्बन्धित निर्वाचन अधिकृतको कार्यालयबाट भुक्तानी पाउनेछन् ।

(४) उपदफा (२) बमोजिम दैनिक भत्ता भुक्तानी दिंदा पैदल भ्रमण गर्नुपर्ने स्थानको लागि प्रतिदिन छ कोष वा पन्ध्र किलोमिटरका दरले गणना गर्नु पर्नेछ।कोष वा किलोमिटरको आधारमा दिन गणना गर्दा सवारी साधन नचल्ने स्थानबाट मात्र गणना गर्नु पर्नेछ ।

(५) भ्रमण खर्च नियमावली, २०६४ को नियम (७) को उपनियम (२) बमोजिम दैनिक भत्तामा थप रकम पाउने स्थानमा खटिने कर्मचारीले उपदफा (२) बमोजिमको दैनिक भत्तामा थप दश प्रतिशत रकम पाउनेछ ।

(६) नेपाल सरकारको स्वामित्व वा नियन्त्रणमा रहेको वा नेपाल सरकारको अनुदानमा सञ्चालित संस्थाका कर्मचारी मतदान केन्द्रमा खटिएको अवस्थामा त्यस्तो कर्मचारीको तह वा पद मिलान गरी निजलाई अन्य कर्मचारीले पाए सरह दैनिक भत्ता तथा भ्रमण खर्च उपलब्ध गराइनेछ ।

(७) उपदफा (६) बमोजिमको कर्मचारीले निज कार्यरत संस्थाको नियम अनुसार उपदफा (२) मा उल्लिखित रकम भन्दा बढी रकम पाउने रहेछ भने सोही संस्थाको नियममा उल्लिखित दरमा दैनिक भत्ता भुक्तानी दिन बाधा पर्नेछैन। यसरी दैनिक भत्ता भुक्तानी गर्दा सो को सम्बन्धित प्रमाण श्रेस्ता साथ राख्नुपर्नेछ ।

(८) निर्वाचनको काममा एक जिल्लाबाट अर्को जिल्लामा काजमा खटिने कर्मचारीलाई त्यसरी काजमा खटाउने जिल्लाको मुख्य निर्वाचन अधिकृतको कार्यालयले भ्रमण खर्च नियमावली, २०६४ बमोजिम काजमा खटाएको जिल्लाको सदरमुकामसम्म पुग्दाको अवधिको दैनिक भत्ता तथा भ्रमण खर्च एकिन गरी भुक्तानी दिनु पर्नेछ ।

(९) उपदफा (८) बमोजिम खटिएको जिल्लामा कर्मचारी पुगेपछि भ्रमण खर्च नियमावली, २०६४ बमोजिम खटिएकै जिल्लाको सम्बन्धित निर्वाचन अधिकृतको कार्यालयबाट सम्बन्धित कर्मचारी पुगेको दिनदेखि निजको पदाधिकार रहेको कार्यालय फर्कन लाग्ने दिनसम्मको दैनिक भत्ता दिनु पर्नेछ । यसरी दैनिक भत्ता भुक्तानी गर्दा उपदफा (२) मा तोकिएको दिन घटाई बाँकी हुन आउने दिनको मात्र दिनु पर्नेछ ।

(१०) मतदान केन्द्रको सुरक्षाको लागि सुरक्षा निकायबाट खटाइएका सुरक्षाकर्मीलाई मतदान केन्द्रमा बसेको तीन दिनको प्रतिदिन प्रतिव्यक्ति तीनसय रूपैयाँको दरले खाजा खर्च निर्वाचन अधिकृतको कार्यालयबाट दिनु पर्नेछ ।

**१६. <u>विविध तथा भैपरी आउने खर्च :</u>** (१) विविध तथा भैपरी आउने कार्यका लागि अनुसूची-६ बमोजिमको रकम मतदान अधिकृतलाई दिइनेछ ।

(२) मतदान केन्द्रमा कोरोना भाइरस (कोभिड-१९) को संक्रमणको जोखिमबाट बच्नका लागि मास्क तथा स्यानिटाइजर जस्ता स्वास्थ्य सुरक्षा सामग्री र मतदान केन्द्रमा आवश्यक पर्ने अन्य आधारभूत औषधि (First Aid Kit) उपलब्ध गराइनेछ ।

**१७. <u>स्वयंसेवकको दैनिक भत्ता :</u>** मतदान केन्द्रमा स्वयंसेवकको रूपमा नियुक्त हुने व्यक्तिलाई तीन दिनको लागि दिइने अनुसूची-६ बमोजिम दैनिक भत्ता बापतको रकम मतदान अधिकृतलाई एकमुष्ट उपलब्ध गराइनेछ ।

**१८. <u>मतदान केन्द्र निर्माण तथा व्यवस्थापन खर्च :</u>** मतदान केन्द्र निर्माण तथा व्यवस्थापन खर्च बापत अनुसूची-६ मा उल्लेख भए बमोजिमको रकम मतदान अधिकृतलाई उपलब्ध गराइनेछ ।

**१९. <u>ढुवानी खर्च :</u>** (१) मतपत्र, मतपेटिका तथा अन्य निर्वाचन सामग्री निर्वाचन अधिकृतको कार्यालय वा निर्वाचन कार्यालयबाट मतदान केन्द्रसम्म र मतदान केन्द्रबाट मतगणना स्थलसम्म ढुवानी गर्दा पैदल हिँड्नु परेमा छ कोष वा पन्ध्र किलोमिटर दूरीको लागि एकदिन कायम गरी मतदान अधिकृतलाई अनुसूची-६ बमोजिम ढुवानी खर्च उपलब्ध गराइनेछ ।

(२) सार्वजनिक सवारी साधन प्रयोग गरी मतपेटिका तथा अन्य निर्वाचन सामग्री ढुवानी गरेको अवस्थामा मतदान अधिकृतलाई उपदफा (१) बमोजिम हुने रकमको पचास प्रतिशत रकम मात्र उपलब्ध गराइनेछ ।

(३) मतगणना कार्य सम्पन्न भएपछि निर्वाचन कार्यालयसम्म मतपेटिका लगायतका अन्य निर्वाचन सामग्री ढुवानीको व्यवस्था निर्वाचन कार्यालयले मिलाउनु पर्नेछ ।

२०. **<u>गाउँ कार्यपालिका र नगर कार्यपालिका सदस्यको निर्वाचनको लागि खर्च :</u>** (१) गाउँ कार्यपालिका र नगर कार्यपालिकाको महिला र दलित वा अल्पसंख्यक सदस्यको निर्वाचन कार्यक्रम सञ्चालन गर्ने, मतपत्र तयारी तथा मतदान र मतगणना कार्यको व्यवस्थापन र रेखदेख गर्ने जिम्मेवारी निर्वाचन अधिकृतको हुनेछ ।

(२) उपदफा (१) बमोजिमको निर्वाचनमा मतदान कार्य सञ्चालन र मतगणना कार्य सम्पन्न गर्न निर्वाचन अधिकृतको कार्यालयमा कार्यरत कर्मचारीमध्येबाट देहायको संख्यामा जनशक्ति परिचालन गरिनेछ :-

(क) मतदान तथा मतगणना अधिकृत एक जना
(ख) सहायकस्तर कर्मचारी दुई जना
(ग) कार्यालय सहयोगी एक जना

(३) उपदफा (२) बमोजिम मतदान कार्य र मतगणना कार्यमा खटिने मतदान तथा मतगणना अधिकृतलाई एकमुष्ट दुई हजार पाँच सय रूपैयाँ, सहायकस्तर कर्मचारीलाई एक हजार छ सय रूपैयाँ र कार्यालय सहयोगी कर्मचारीलाई एक हजार दुई सय रूपैयाँ थप भत्ता दिइनेछ ।

(४) उपदफा (१) बमोजिमको निर्वाचन व्यवस्थापन गरेबापत निर्वाचन अधिकृतको कार्यालयलाई एकमुष्ट सात हजार रूपैयाँ उपलब्ध गराइनेछ ।

(५) मतपत्र व्यवस्थापनको लागि निर्वाचन अधिकृतको कार्यालयलाई उपदफा (४) बमोजिमको रकमको अतिरिक्त देहाय बमोजिमको थप रकम उपलब्ध गराइनेछ :-

(क) महानगरपालिकामा - तीन हजार रूपैयाँ,
(ख) उपमहानगरपालिका - दुई हजार रूपैयाँ,
(ग) नगरपालिकामा - एक हजार रूपैयाँ

२१. **<u>जिल्ला समन्वय समितिको निर्वाचनको लागि खर्च:</u>** (१) जिल्ला समन्वय समितिको निर्वाचन कार्यक्रम सञ्चालन गर्ने, मतपत्र तयारी तथा मतदान र मतगणना कार्यको व्यवस्थापन र रेखदेख गर्ने जिम्मेवारी मुख्य निर्वाचन अधिकृतको हुनेछ।

(२) उपदफा (१) बमोजिमको निर्वाचनमा मतदान कार्य सञ्चालन र मतगणना कार्य सम्पन्न गर्न देहायको संख्यामा जनशक्ति परिचालन गरिनेछ :-

(क) मतदान तथा मतगणना अधिकृत एक जना
(ख) सहायकस्तर कर्मचारी दुई जना
(ग) कार्यालय सहयोगी एक जना

(३) उपदफा (२) बमोजिम मतदान कार्य र मतगणना कार्यमा खटिने मतदान तथा मतगणना अधिकृतलाई एकमुष्ट दुई हजार पाँच सय रूपैयाँ, सहायकस्तर कर्मचारीलाई एक हजार छ सय रूपैयाँ र कार्यालय सहयोगी कर्मचारीलाई एक हजार दुई सय रूपैयाँ थप भत्ता दिइने छ ।

(४) उपदफा (१) बमोजिमको निर्वाचन व्यवस्थापन गरेबापत मुख्य निर्वाचन अधिकृतको कार्यालयलाई एकमुष्ट दश हजार रूपैयाँ उपलब्ध गराइनेछ ।

२२. **<u>सुरक्षा घुम्ती टोली :</u>** (१) स्थानीय तह निर्वाचनलाई स्वच्छ, निष्पक्ष, पारदर्शी र भयमुक्त बनाउनको लागि सुरक्षा व्यवस्था अनुगमन तथा निर्वाचन सम्बन्धी अन्य कार्यको समन्वय तथा सहजीकरण गर्न

मुख्य निर्वाचन अधिकृतको स्वीकृतिमा प्रमुख जिल्ला अधिकारीले देहाय बमोजिम सुरक्षा घुम्ती टोली खटाउनेछ :-

(क) छ वटा भन्दा कम स्थानीय तह भएको जिल्लामा एउटा,

(ख) सात देखि बाह्र वटासम्म स्थानीय तह भएको जिल्लामा दुई वटा,

(ग) तेह्र भन्दा बढी स्थानीय तह भएको जिल्लामा तीन वटा ।

(२) सुरक्षा घुम्ती टोलीमा राजपत्रांकित द्वितीय श्रेणी वा अधिकृत स्तर नवौं वा दशौं तहका कर्मचारी एक, सवारी चालक एक र आवश्यक संख्याका सुरक्षाकर्मी रहनेछन् ।

(३) कुनै जिल्लामा उपदफा (२) बमोजिम राजपत्रांकित द्वितीय श्रेणी वा अधिकृत स्तर नवौं वा दशौं तहका कर्मचारी उपलब्ध नभएमा एक तह मुनिको कर्मचारी खटाउन सकिनेछ ।

(४) सुरक्षा घुम्ती टोलीको लागि अनुसूची-६ बमोजिमको रकम निर्वाचन कार्यालयबाट उपलब्ध गराइनेछ।

२३. **खर्च लेखी भुक्तानी दिनुपर्ने :** मतदान अधिकृत, सहायक मतदान अधिकृत लगायत मतदान केन्द्रमा खटिने सहायक कर्मचारी र सहयोगी कर्मचारीलाई दफा १५ बमोजिमको दैनिक भत्ता तथा भ्रमण खर्च तथा दफा १६, १७, १८ र १९ बमोजिमको खर्च हिसाब गरी निज खटिएको अवस्थामा नै अनुसूची-७ बमोजिमको भर्पाई गराई निर्वाचन अधिकृतको कार्यालयले खर्च लेखी भुक्तानी दिनु पर्नेछ।

२४. **बिल भर्पाई पेश गर्नु नपर्ने :** मतदान अधिकृत तथा अन्य कर्मचारीले दफा १६, १७, १८, १९ र सुरक्षा घुम्ती टोलीमा खटिने कर्मचारीले दफा २२ बमोजिमको खर्चको बील भर्पाई पेश गर्नुपर्ने छैन।

## परिच्छेद-६
## मतगणना सम्बन्धी व्यवस्था

२५. **मतगणना कर्मचारी र खर्च :** (१) मतगणना कार्यका लागि मतगणना टोलीमा रहने कर्मचारीको विवरण अनुसूची-८ मा उल्लेख भए बमोजिम हुनेछ ।

(२) मतगणना टोलीले एक सिफ्टमा गणना गर्नुपर्ने मतपत्रको संख्या आयोगले तोकेबमोजिम हुनेछ ।

(३) उपदफा (१) बमोजिम मतगणना टोलीमा रहेका कर्मचारीलाई प्रत्येक सिफ्टको मतगणना बापत अनुसूची-९ मा उल्लेख भए बमोजिमको रकम उपलब्ध गराइनेछ ।

(४) निर्वाचन अधिकृतले गणना गर्नुपर्ने मतपत्र उपलब्ध स्थान र सुरक्षा व्यवस्था समेतको आधारमा एकै समयमा दुई वा सो भन्दा बढी मतगणना टोली परिचालन गर्न सक्नेछ ।

(५) प्रमुख मतगणना अधिकारी सबै सिफ्ट र टोलीको मतगणना कार्यमा संलग्न रहनु पर्नेछ।

(६) मतगणना कार्यको समन्वय र प्रगति विवरण प्राप्त गर्ने कार्य गरेबापत निर्वाचन अधिकारीले मुख्य निर्वाचन अधिकृतको कार्यालयबाट मतगणना अवधिमा प्रतिदिन दुई हजार रूपैयाँका दरले मतगणना समन्वय भत्ता पाउनेछ ।

२६. **<u>मतगणना व्यवस्थापन खर्च :</u>** (१) मुख्य निर्वाचन अधिकृतको कार्यालय तथा निर्वाचन अधिकृतको कार्यालयले मतगणना स्थलमा आवश्यक पर्ने बाँस, डोरी, म्याट, कार्पेट, चकटी, बत्ती, पानी, जेनेरेटर, माईक आदिको व्यवस्था गर्न अनुसूची-४ बमोजिमको खर्च गर्न सक्नेछन् ।

(२) निर्वाचन अधिकृतको कार्यालयले मतगणना कार्यमा खटिने कर्मचारीको खाजा र चियापान बापत प्रत्येक सिफ्टका लागि अनुसूची-४ बमोजिमको खर्च गर्न सक्नेछन् ।

(३) मतगणना स्थलमा कोरोना भाइरस (कोभिड-१९) को संक्रमणबाट बच्नका लागि आवश्यक पर्ने मास्क र स्यानिटाइजर जस्ता स्वास्थ्य सुरक्षा सामग्री उपलब्ध गराइनेछ ।

## परिच्छेद-७
## <u>स्रेस्ता राख्न तथा लेखापरीक्षण गर्ने सम्बन्धी व्यवस्था</u>

२७. **<u>कर कट्टी सम्बन्धी व्यवस्था :</u>** (१) निर्वाचन सञ्चालन तथा व्यवस्थापन सम्बन्धमा कुनै आयुक्त, निर्वाचन अधिकृत, कर्मचारी र सुरक्षाकर्मीलाई निर्वाचन सुविधा, सञ्चार सुविधा, समन्वय भत्ता, थप भत्ता, मतगणना भत्ता, खाजा तथा खाना खर्च लगायतका यस कार्यविधि बमोजिम दिइने सेवा सुविधा बापतको रकम नगदमा भुक्तानी गर्दा प्रत्येक भुक्तानीमा पन्ध्र प्रतिशतका दरले कर कट्टा गर्नु पर्नेछ।

तर दैनिक भत्ता तथा भ्रमण खर्च र अनुगमन भत्ता बापतको रकम भुक्तानी गर्दा कर कट्टी गर्नुपर्ने छैन ।

(२) घर तथा गोदामको भाडा भुक्तानी गर्दा दश प्रतिशतका दरले बहाल कर कट्टा गर्नु पर्नेछ।

(३) निर्वाचन सञ्चालन तथा व्यवस्थापनमा भएका प्रशासनिक तथा व्यवस्थापन खर्चमा प्रचलित कानून बमोजिम अग्रिम कर कट्टी गर्नु पर्नेछ ।

२८. **<u>श्रेस्ता तथा फाँटवारी तयार गर्नुपर्ने :</u>** (१) निर्वाचन अधिकृतले यस कार्यविधि बमोजिम खर्च गर्दा प्रचलित कानून बमोजिम गोश्वारा भौचर, बजेट खाता, बैंक नगदी किताब, खर्चको मास्केवारी, पेश्की लेजर, माग फाराम, खरिद आदेश, दाखिला रिपोर्ट समेतको रीतपूर्वक स्रेस्ता राख्नु पर्नेछ।

(२) निर्वाचन अधिकृतले राजश्व र धरौटीको आम्दानी तथा खर्चको स्रेस्ता प्रचलित कानून बमोजिम राख्नु पर्नेछ।

(३) निर्वाचन अधिकृतले निर्वाचनको अन्तिम निर्वाचन परिणाम प्रकाशन भएको मितिले सात दिनभित्र अख्तियारीसाथ दिइएको वर्गीकरण र अनुसूची-१० बमोजिमको खर्चको मास्केवारी तयार गरी आन्तरिक लेखापरीक्षणको लागि सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयमा पेश गर्नु पर्नेछ ।

२९. **<u>खर्चको बील भर्पाई प्रमाणित गरी राख्नुपर्ने :</u>** निर्वाचन अधिकृत वा निजबाट अधिकार प्राप्त अधिकृतबाट प्रत्येक खर्चको बील, भर्पाई र मास्केवारीसँग सम्बन्धित सम्पूर्ण स्रेस्ता प्रमाणित गरी राख्नु पर्नेछ ।

३०. **<u>थप खर्चका लागि पूर्व स्वीकृति लिनुपर्ने :</u>** (१) निर्वाचन अधिकृतले यस कार्यविधिमा उल्लेख भए बमोजिमको शीर्षकमा तोकिएको भन्दा बढी रकम खर्च गर्नुपर्ने अवस्था आइपरेमा सोको पर्याप्त आधार, कारण र पुष्ट्याई सहित स्वीकृतिको लागि आयोगमा लेखी पठाउनु पर्नेछ र सो सम्बन्धमा आयोगले दिएको निर्देशन बमोजिम गर्नु पर्नेछ ।

(२) निर्वाचन अधिकृतले यस कार्यविधि बमोजिम खर्च गर्दा कुनै द्विविधा उत्पन्न भएमा सो सम्बन्धमा स्पष्टताका लागि आयोगमा लेखी पठाउन सक्नेछ।

**३१. <u>राजश्व खातामा रकम दाखिला गर्नुपर्ने :</u>** निर्वाचन अधिकृतको कार्यालयले नेपाल सरकारलाई प्राप्त हुने सबै प्रकारको राजश्व रकम निर्वाचन अधिकृतको कार्यालयको कार्यालय कोडमा सम्बन्धित राजश्व शीर्षकमा जम्मा गर्नु पर्नेछ ।

**३२. <u>रकम फिर्ता गर्नुपर्ने :</u>** निर्वाचन अधिकृतको कार्यालयले निकासा लिएको रकममध्ये खर्च नभई बाँकी रहेको रकम सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयमा फिर्ता गरी हिसाब मिलान गर्नु पर्नेछ।

**३३. <u>धरौटी रकम जम्मा गर्ने :</u>** निर्वाचन अधिकृतले निर्वाचनको अन्तिम परिणाम प्रकाशन भएको मितिले सात दिनभित्र निर्वाचन अधिकृतको कार्यालयको नाममा मौज्दात रहेको धरौटी रकम सम्बन्धित जिल्लाको निर्वाचन कार्यालयको कार्यालय कोडमा जम्मा गरी धरौटी कारोबार बन्द गर्नु पर्नेछ। धरौटीको प्रयोजन सहित धरौटी जम्मा गर्नेको नाम नामेसी र धरौटी रकमको विवरण आयोग, सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालय र निर्वाचन कार्यालयमा पठाउनु पर्नेछ ।

**३४. <u>फाँटवारी पठाउनु पर्ने :</u>** निर्वाचन अधिकृतको कार्यालयले बजेट उपशीर्षकगत, खर्च शीर्षकगत र क्रियाकलापगत खर्चको फाँटवारी निर्वाचन सम्पन्न भएपछि छिटो माध्यमद्वारा आयोगको सचिवालयमा पठाउनु पर्नेछ ।

**३५. <u>आन्तरिक लेखापरीक्षण गराई स्रेस्ता पठाउनु पर्ने :</u>** (१) निर्वाचन अधिकृतले विनियोजन, राजश्व र धरौटीतर्फको स्रेस्ता निर्वाचनको अन्तिम परिणाम प्रकाशन भएको मितिले सात दिनभित्र सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट आन्तरिक लेखापरीक्षण गराउनु पर्नेछ ।

(२) कोष तथा लेखा नियन्त्रक कार्यालयले उपदफा (१) बमोजिम आन्तरिक लेखापरीक्षण गरी सोको प्रतिवेदन र प्रमाणित आर्थिक विवरण सम्बन्धित निर्वाचन अधिकृतको कार्यालय र आयोगको सचिवालयलाई उपलब्ध गराउनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम आन्तरिक लेखापरीक्षण भई प्रतिवेदन प्राप्त भएपछि निर्वाचन अधिकृतले आन्तरिक लेखापरीक्षणबाट औंल्याइएका बेरुजु फर्स्योट गरी सोको प्रमाण तथा सम्पूर्ण स्रेस्ता र प्रमाणित आर्थिक विवरण निर्वाचनको अन्तिम परिणाम प्रकाशन भएको पन्ध्र दिनभित्र सम्बन्धित निर्वाचन कार्यालयमा बुझाउनु पर्नेछ।

(४) निर्वाचन अधिकारीले उपदफा (३) बमोजिम सबै निर्वाचन अधिकृतबाट प्राप्त स्रेस्ताको महालेखापरीक्षकको कार्यालयबाट अन्तिम लेखापरीक्षण गराउनु पर्नेछ ।

(५) निर्वाचन सम्पन्न भई निर्वाचन अधिकृतको कार्यालय बन्द हुँदाका बखत निर्वाचन अधिकृतको कार्यालयले खरिद गरी खर्च नभई मौज्दातमा रहेका सम्पूर्ण जिन्सी सामान सम्बन्धित निर्वाचन कार्यालयमा बुझाई भर्पाई लिनुपर्नेछ र सो भर्पाईको प्रतिलिपि स्रेस्तासाथ संलग्न गर्नु पर्नेछ। कार्यालय सञ्चालन तथा व्यवस्थापनको लागि अन्य कार्यालय वा संस्थाबाट ल्याएका जिन्सी सामान सम्बन्धित कार्यालय वा संस्थालाई नै फिर्ता बुझाउनु पर्नेछ ।

(६) उपदफा (५) बमोजिम बुझेका जिन्सी सामान निर्वाचन कार्यालयले प्रचलित कानुन बमोजिम आम्दानी बाँध्नु पर्नेछ ।

३६. **अन्तिम लेखापरीक्षण :** (१) आयोगको सचिवालय, निर्वाचन अधिकृतको कार्यालय र निर्वाचन कार्यालयले राखेको लेखाको लेखापरीक्षण प्रचलित कानून बमोजिम हुनेछ ।

३७. **निर्वाचन अधिकृतको दायित्व :** आर्थिक कारोबार गर्दा गराउँदा निर्वाचन अधिकृतले देहाय बमोजिम गर्नु पर्नेछ :-

(क) यस कार्यविधि बमोजिम खर्च गर्दा अख्तियारीको सीमाभित्र रही सम्बन्धित खर्च शीर्षकबाट मात्र रीतपूर्वक खर्च गर्ने,

(ख) आर्थिक कारोबारसँग सम्बन्धित बिल भरपाई तथा कारोबारसँग सम्बन्धित सबै कागजात प्रमाणित गरी गराई सुरक्षित साथ राख्ने,

(ग) खर्च भएको रकमको स्रेस्ताको आन्तरिक लेखापरीक्षण गराई निर्वाचन कार्यालयमा स्रेस्ता बुझाउने,

(घ) लेखापरीक्षणबाट औंल्याइएको बेरुजू फछ्र्यौट वा असूल उपर गर्नुपर्ने भए फर्छ्यौट वा असूल उपर समेत गरी बेरुजू फछ्र्यौट गर्ने, कुनै किसिमको पेश्की रकम बाँकी वा बेरुजू हुन नदिने।

३८. **असूल उपर गरिने :** (१) यस कार्यविधिको उल्लङ्घन गरी गरेको खर्च त्यस्तो खर्च गर्ने अख्तियार प्राप्त अधिकारीबाट प्रचलित कानून बमोजिम असूल उपर गरिनेछ ।

(२) निर्वाचनको कार्यमा खटिएको कुनै कर्मचारीले यस कार्यविधि बमोजिम पाउने भत्ता बापतको रकम बुझिसकेपछि निजले आयोग वा निर्वाचन अधिकृतले तोकेको जिम्मेवारी पूरा नगरेमा त्यस्तो कर्मचारीलाई निर्वाचन आयोग ऐन, २०७३ को दफा ४३ वा ४४ बमोजिम विभागीय कारबाही गरी वा सम्बन्धित निकायमा लेखी पठाई सो रकम प्रचलित कानून बमोजिम असूल उपर गरिनेछ ।

३९. **खर्च सार्वजनिक गर्नुपर्ने :** आयोग, निर्वाचन अधिकृतको कार्यालय र निर्वाचन कार्यालयले निर्वाचनसँग सम्बन्धित काममा भएका सम्पूर्ण खर्चको विवरण कार्यालयको सूचना पाटीमा टाँस गरी मासिक रूपमा सार्वजनिक गर्नु पर्नेछ ।

## परिच्छेद-८
## विविध

४०. **विशेषज्ञ सेवा लिन सक्ने :** (१) आयोगले आवश्यकतानुसार मतदाता नामावली, मतदाता परिचयपत्र, निर्वाचन चिन्ह, मतपत्रको डिजाइन लगायत निर्वाचनको कामको सम्बन्धमा विशेषज्ञको सेवा लिन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको विशेषज्ञ सेवाका लागि कामको प्रकृति, विशेषज्ञ सेवाको लागि अवश्यक पर्ने योग्यता र अनुभव समेतलाई आधार लिई सम्बन्धित विशेषज्ञलाई प्रतिमहिना बढीमा एक लाख रूपैयाँसम्म पारिश्रमिक दिन सकिनेछ ।

४१. **बीमा गर्ने :** (१) निर्वाचनको काममा संलग्न आयुक्त, आयोगको सचिवालय, निर्वाचन कार्यालय र निर्वाचन अधिकृतको कार्यालयका कर्मचारी, मतदाता शिक्षा स्वयंसेवक, अनुगमनकर्ता, अनुगमन टोलीका सदस्य, निजी सुरक्षा अधिकारी (पिएसओ), विशेषज्ञ सेवाका लागि नियुक्त विज्ञ, मतदान केन्द्र

तथा मतगणना स्थलमा खटिने कर्मचारी, स्वयंसेवक लगायत निर्वाचनको काममा संलग्न व्यक्तिको व्यक्तिगत दुर्घटना र बाह्य आक्रमणबाट हुने दुर्घटनाका लागि बीस लाख रूपैयाँको बीमा गरिनेछ ।

(२) उपदफा (१) बमोजिम बीमा गरिने बीमितको संख्या र अवधि आयोगले निर्णय गरे बमोजिम हुनेछ ।

४२. **<u>निर्वाचनका लागि आवश्यक सामग्री खरिद गर्ने :</u>** (१) यस कार्यविधि अनुसार निर्वाचनको लागि आवश्यक हुने मतदान सामग्री, मतदाता शिक्षा सामग्री लगायतका अन्य सामग्री खरिद एवम् सवारी साधन र मेशिनरी उपकरणको मर्मत सम्भार गर्दा सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि अनुसूची-११ बमोजिमका कुनै मतदान सामग्री र अन्य सामग्री तथा मतदाता शिक्षा सामग्री खरिद एवम् सवारी साधन र मेशिनरी उपकरणको मर्मत सम्भार गर्दा सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिमको प्रक्रिया पूरा गर्न सम्भव नभएमा आयोगले आधार र कारण खुलाई निर्वाचन आयोग ऐन, २०७३ को दफा ३८ बमोजिम खरिद गर्न सक्नेछ । सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिमको प्रक्रिया पूरा गर्न सम्भव नभएको अवस्थामा आयोगले आधार र कारण खुलाई खरिद गर्दा त्यसरी खरिद गर्नुपर्ने तत्कालीन परिस्थितिजन्य अवस्थाको विश्लेषण गरी खरिद गर्दा अपनाउनु पर्ने प्रक्रिया आयोगले निर्धारण गरे बमोजिम हुनेछ ।

(३) निर्वाचन कार्यालयले निर्वाचनको लागि आवश्यक हुने मतदान सामग्री र मतदाता शिक्षा सामग्री लगायतका अन्य सामग्री खरिद एवम् सवारी साधन र मेशिनरी उपकरणको मर्मत सम्भार गर्दा सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम खरिद गर्नेछ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै मतदान सामग्री, मतदाता शिक्षा सामग्री लगायतका अन्य सामग्री खरिद एवम् सवारी साधन र मेशिनरी उपकरणको मर्मत सम्भार गर्दा सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिमको प्रक्रिया पूरा गर्न सम्भव नभएमा आयोगमा लेखी पठाउनु पर्नेछ ।

(५) उपदफा (४) बमोजिम लेखी आएपछि निर्वाचन कार्यालयले खरिद गर्दा अपनाउनु पर्ने प्रक्रिया आयोगले निर्धारण गरे बमोजिम हुनेछ ।

४३. **<u>मतदाता नामावली अद्यावधिक गर्ने :</u>** (१) आयोगले तोकेको Cut-off Date सम्म संकलन भएको मतदाता नामावली अद्यावधिक गर्नको लागि निर्वाचन कार्यालयमा मतदाता नामावलीमा दावी विरोधको कार्यक्रम सञ्चालन गरिनेछ ।

(२) उपदफा (१) बमोजिमको कार्यक्रम सञ्चालन अवधि, खटिने जनशक्ति र सुविधा आयोगले तोकेबमोजिम हुनेछ ।

(३) उपदफा (१) बमोजिम मतदाता नामावली अद्यावधिक, मतदाता नामावलीको प्रकाशन र अभिमुखीकरण कार्यक्रम सञ्चालन र व्यवस्थापन गर्दा लाग्ने खर्च आयोगबाट स्वीकृत कार्यक्रम अनुसार हुनेछ ।

४४. **<u>मतदाता शिक्षा तथा सामग्रीको विकास र प्रयोग :</u>** (१) निर्वाचनमा मतदान गर्ने प्रक्रिया र मतदाताको अधिकारका सम्बन्धमा मतदातालाई जानकारी गराउन आयोगले आवश्यकता अनुसार मतदाता शिक्षा सम्बन्धी कार्यक्रम सञ्चालन गर्नेछ ।

(२) मतदाता शिक्षाका लागि छापा तथा अडियो भिडियो सामग्री विकास तथा प्रकाशन, प्रसारण, सार्वजनिक महत्त्वका सूचनाको निर्माण, प्रकाशन तथा प्रसारण गरिनेछ ।

(३) उपदफा (१) र (२) बमोजिम मतदाता शिक्षा सामग्री उत्पादन, प्रकाशन तथा प्रसारण एवम् मतदाता शिक्षा कार्यक्रम सञ्चालन गर्दा लाग्ने खर्च आयोगबाट स्वीकृत कार्यक्रम अनुसार हुनेछ।

४५. **<u>सुरक्षा सम्बन्धी व्यवस्था :</u>** (१) आयोग परिसरमा सुरक्षा व्यवस्थाका लागि खटिने सशस्त्र प्रहरी बल, नेपालका दश जनासम्म सुरक्षाकर्मीलाई निर्वाचन अवधिमा प्रतिव्यक्ति प्रतिदिन अनुसूची-१ बमोजिम खाजा तथा खाना खर्च उपलब्ध गराइनेछ ।

(२) निर्वाचन अवधिमा निर्वाचन कार्यालयको सुरक्षाको लागि नेपाल प्रहरी पाँच जना सम्म र सशस्त्र प्रहरी बल परिचालन भएमा सो बलका पाँच जना सम्म गरी दश जना सम्म सुरक्षाकर्मीलाई त्यसरी परिचालन भएको अवधिको लागि प्रतिव्यक्ति प्रतिदिन अनुसूची-१ बमोजिम खाजा तथा खाना खर्च उपलब्ध गराइनेछ।

(३) मतपत्र छपाइस्थलमा खटिने वा मतपत्र ढुवानीको सुरक्षार्थ खटिने सुरक्षाकर्मीमध्ये आयोगले तोकेको संख्याका सुरक्षाकर्मीलाई त्यसरी खटिएको अवधिका लागि प्रतिव्यक्ति प्रतिदिन अनुसूची-१ बमोजिम खाजा तथा खाना खर्च उपलब्ध गराइनेछ ।

(४) उपदफा (१) र (२) मा उल्लेख भए भन्दा बढी संख्यामा सुरक्षाकर्मी परिचालन भएको अवस्थामा अनुसूची-१ मा उल्लेख भए बमोजिमको खाजा तथा खाना खर्च बापतको रकम दामासाहीले उपलब्ध गराइनेछ ।

४६. **<u>ढुवानी सम्बन्धी व्यवस्था :</u>** निर्वाचन सञ्चालनका लागि आवश्यक पर्ने मतपेटिका, मतपत्र, मतदाता परिचयपत्र लगायतका निर्वाचन सामग्री आयोगबाट सम्बन्धित निर्वाचन कार्यालय र निर्वाचन अधिकृतको कार्यालयसम्म ढुवानी गर्दा लागेको बिल अनुसारको रकम भुक्तानी गरिनेछ ।

४७. **<u>आर्थिक व्यवस्थापन समिति :</u>** (१) यस कार्यविधि बमोजिमको आर्थिक व्यवस्थापन, रकम बाँडफाँट र निकासा गर्न आयोगको सचिवालयमा देहाय बमोजिमको आर्थिक व्यवस्थापन समिति रहनेछ :-

| | | |
|---|---|---|
| (क) | सचिव | -संयोजक |
| (ख) | सहसचिव, प्रशासन महाशाखा | -सदस्य |
| (ग) | उपसचिव, आर्थिक प्रशासन शाखा | -सदस्य |
| (घ) | उपसचिव, प्रशासन शाखा | -सदस्य |
| (ङ) | उपसचिव, योजना, अनुगमन तथा वैदेशिक सम्बन्ध शाखा | -सदस्य |
| (च) | उपसचिव, मतदाता नामावली तथा निर्वाचन सञ्चालन शाखा | -सदस्य |
| (छ) | प्रतिनिधी, अर्थ मन्त्रालय | -सदस्य |
| (ज) | लेखा अधिकृत, आर्थिक प्रशासन शाखा | -सदस्य-सचिव |

(२) उपदफा (१) बमोजिमको समितिको बैठक आवश्यकतानुसार संयोजकले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

४८. **जिल्ला निर्वाचन व्यवस्थापन समिति :** (१) निर्वाचन स्वच्छ, व्यवस्थित तथा मर्यादित रूपले सम्पन्न गर्न सम्बन्धित निकायहरू बीच समन्वय गर्न र आवश्यक सुरक्षा व्यवस्था मिलाउन प्रत्येक जिल्लामा देहाय बमोजिमको जिल्ला निर्वाचन व्यवस्थापन समिति रहनेछ :-

(क) मुख्य निर्वाचन अधिकृत — संयोजक
(ख) प्रमुख जिल्ला अधिकारी — सदस्य
(ग) जिल्ला समन्वय अधिकारी — सदस्य
(घ) जिल्लास्थित सुरक्षा निकायका प्रमुख — सदस्य
(ङ) कोष तथा लेखा नियन्त्रक कार्यालयको प्रमुख — सदस्य
(च) निर्वाचन अधिकारी — सदस्य-सचिव

(२) उपदफा (१) बमोजिमको समितिको बैठक आवश्यकता अनुसार बस्न सक्नेछ ।

(३) उपदफा (१) बमोजिमको समितिको बैठक समितिको संयोजकले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

४९. **समिति गठन सम्बन्धी व्यवस्था :** आयोग वा आयोगको सचिवालयले निर्वाचन सञ्चालन तथा व्यवस्थापनका लागि आवश्यकतानुसार अन्य समिति, उपसमिति वा कार्यदल गठन गर्न सक्नेछ।

५०. **बैठक भत्ता :** (१) आयुक्तले अध्यक्षता गर्ने गरी गठन भएका समितिको बैठक आवश्यकतानुसार बस्नेछ। यस्तो बैठकमा अध्यक्षता गर्ने आयुक्त र उपस्थित हुने सदस्यलाई प्रतिबैठक दुई हजार पाँच सय रूपैयाँका दरले बैठक भत्ता उपलब्ध हुनेछ ।

(२) दफा ४७, ४८ र ४९ बमोजिम गठन भएका समिति, उपसमिति वा कार्यदलको बैठकमा उपस्थित हुने सदस्यलाई सचिवले अध्यक्षता गर्ने बैठक भए प्रतिबैठक दुई हजार रूपैयाँका दरले र अन्य व्यक्तिले अध्यक्षता गर्ने बैठक भए प्रतिबैठक एक हजार पाँच सय रूपैयाँका दरले बैठक भत्ता उपलब्ध हुनेछ ।

५१. **खर्च शीर्षकमा हेरफेर वा थपघट :** आयोगले यस कार्यविधिमा उल्लेख भएका खर्च शीर्षकमा बाँडफाँट गरिएको रकम आवश्यकता र औचित्यको आधारमा हेरफेर, थपघट वा रकमान्तर गर्न सक्नेछ ।

५२. **थप बजेट माग गर्ने :** निर्वाचनका लागि विनियोजन भएको रकम निर्वाचन सञ्चालनको क्रममा अपुग भएमा आवश्यक पर्ने थप रकम आयोगले नेपाल सरकार, अर्थ मन्त्रालयसँग माग गर्न सक्नेछ ।

५३. **खारेजी र बचाऊ :** (१) स्थानीय तह निर्वाचन (आर्थिक) निर्देशिका, २०७३ र उपनिर्वाचन सञ्चालन आर्थिक कार्यविधि, २०७६ खारेज गरिएको छ ।

(२) स्थानीय तह निर्वाचन (आर्थिक) निर्देशिका, २०७३ र उपनिर्वाचन सञ्चालन आर्थिक कार्यविधि, २०७६ बमोजिम गरिएका काम कारबाहीहरू यसै कार्यविधि बमोजिम भए गरेका मानिनेछन् ।

## अनुसूची-१

(दफा ५ को उपदफा (१), (५), दफा ८ को उपदफा (५), दफा ११ को उपदफा (१), (२), (५) र दफा ४५ को उपदफा (१), (२), (३) सँग सम्बन्धित)

### आयुक्त तथा कर्मचारी र सुरक्षाकर्मीको निर्वाचन सुविधा

| क्र.सं. | सुविधा पाउनेको विवरण | निर्वाचन सुविधा | | | |
|---|---|---|---|---|---|
| | | प्रतिमहिना निर्वाचन सुविधा | प्रतिदिन खाजा खर्च रू. | सार्वजनिक विदाको दिनमा प्रतिदिन खाना खर्च रू. | सञ्चार सुविधा रू. |
| १ | आयुक्त<br>दफा ५ को उपदफा (१), (५) | शुरू तलब स्केलको १०० (एक सय) प्रतिशत | नेपाल सरकार, अर्थ मन्त्रालय, कार्य सञ्चालन निर्देशिका, २०७७ बमोजिम | - | २,५००।- |
| २ | आयोगको सचिवालयमा कार्यरत कर्मचारी (काज, करार समेत)<br>दफा ५ को उपदफा (१), (५) | शुरू तलब स्केलको १०० (एक सय) प्रतिशत | | नेपाल सरकार, अर्थ मन्त्रालय, कार्य सञ्चालन निर्देशिका, २०७७ बमोजिम | सचिव २,०००।-<br>सहसचिव १,५००।-<br>उपसचिव १,०००।- |
| ३ | निर्वाचन कार्यालयमा कार्यरत कर्मचारी<br>दफा ५ को उपदफा (१), (५) | शुरू तलब स्केलको १०० (एक सय) प्रतिशत | | | - |
| ४ | आयुक्तको सुविधामा कार्यरत कर्मचारी, आयुक्त र सचिवका निजी सुरक्षा अधिकारी (पिएसओ)<br>दफा ५ को उपदफा (१) | शुरू तलब स्केलको १०० (एक सय) प्रतिशत | | | - |
| ५ | आयुक्तको निवासमा सुरक्षाका लागि खटिएका सुरक्षाकर्मी, आयोगको मूल गेटमा खटिने नेपाल प्रहरीका दश जना सम्म सुरक्षाकर्मी<br>दफा ५ को उपदफा (१) | शुरू तलब स्केलको १०० (एक सय) प्रतिशत | | | - |
| ६ | निर्वाचन अधिकृतको कार्यालय र निर्वाचन कार्यालयमा कार्यबोझको आधारमा थप भई काजमा रहने कर्मचारी | सहायक कर्मचारी रू. १,३००।<br>सहयोगी कर्मचारी रू. १,०००।<br>(प्रतिदिन) | - | - | - |

<table>
<tr><th rowspan="2">क्र.सं.</th><th rowspan="2">सुविधा पाउनेको विवरण</th><th colspan="4">निर्वाचन सुविधा</th></tr>
<tr><th>प्रतिमहिना निर्वाचन सुविधा</th><th>प्रतिदिन खाजा खर्च रू.</th><th>सार्वजनिक विदाको दिनमा प्रतिदिन खाना खर्च रू.</th><th>सञ्चार सुविधा रू.</th></tr>
<tr><td>७</td><td>निर्वाचन अधिकृत<br>दफा ११ को उपदफा (१), (२), (५)</td><td>शुरू तलब स्केलको १०० (एक सय) प्रतिशत</td><td rowspan="5">नेपाल सरकार, अर्थ मन्त्रालय, कार्य सञ्चालन निर्देशिका, २०७७ बमोजिम</td><td rowspan="5">नेपाल सरकार, अर्थ मन्त्रालय, कार्य सञ्चालन निर्देशिका, २०७७ बमोजिम</td><td>निर्वाचन अवधिभर एकमुष्ठ ५,०००।–</td></tr>
<tr><td>८</td><td>निर्वाचन अधिकृतको कार्यालयमा कार्यरत कर्मचारी<br>दफा ११ को उपदफा (१), (२)</td><td>शुरू तलब स्केलको १०० (एक सय) प्रतिशत</td><td>-</td></tr>
<tr><td>९</td><td>निर्वाचन अधिकृतका निजी सुरक्षा अधिकारी (पिएसओ)<br>दफा ११ को उपदफा (१), (२)</td><td>शुरू तलब स्केलको १०० (एक सय) प्रतिशत</td><td>-</td></tr>
<tr><td>१०</td><td>निर्वाचन अधिकृतको कार्यालय र निर्वाचन कार्यालयमा खटिने सुरक्षाकर्मी</td><td>-</td><td>-</td></tr>
<tr><td>११</td><td>आयोगको भवन तथा परिसरको सुरक्षार्थ खटिएका सशस्त्र प्रहरी बल, मतपत्र छपाई स्थल र निर्वाचन सामाग्री ढुवानीको सुरक्षार्थ र मतगणना स्थलमा खटिएका सुरक्षाकर्मी<br>दफा ४५ को उपदफा (१), (२), (३)</td><td>-</td><td>-</td></tr>
</table>

## अनुसूची-२

(दफा ६ को उपदफा (२) सँग सम्बन्धित)

### तालिम, गोष्ठी, सेमिनार तथा कार्यशाला सञ्चालन खर्चको मापदण्ड

| क.सं. | विवरण | दर (.रू) | | | कैफियत |
|---|---|---|---|---|---|
| | | केन्द्र स्तर | प्रदेश स्तर | जिल्ला/स्थानीय स्तर | |
| १ | सत्र मोडरेटर (प्रतिदिन एक जनालाई मात्र) | ३,५०० | ३,५०० | ३,००० | प्रतिदुई सेसन बराबर एक सत्र हुने |
| २ | स्रोतव्यक्ति (प्रतिदिन चार सेसन मात्र) | ३,४०० | ३,४०० | १,६०० | एक स्रोतव्यक्तिले प्रतिदिन बढीमा दुई सेसन मात्र लिन पाउने |
| ३ | समन्वयकर्ता (प्रतिदिन एक जना मात्र) | ३,००० | ३,००० | १,५०० | प्रतिइभेन्ट १ जना मात्र समन्वयकर्ता |
| ४ | सहयोगी (प्रतिदिन एक जना मात्र) | १,००० | १,००० | ७०० | प्रतिइभेन्ट १ जना मात्र सहयोगी |
| ५ | सहभागी (प्रति सहभागी प्रतिदिन ) | १,२०० | १,००० | ७०० | दै. तथा भ्र. भत्ता नपाउने कर्मचारीको लागि मात्र |
| ६ | खाजाखर्च (प्रतिदिन प्रतिसहभागी) | २०० | २०० | २०० | |
| ७ | होटल खर्च (प्रतिदिन प्रतिसहभागी) | ३,००० | ३,००० | ३,००० | आवासीय रूपमा सञ्चालन भएको कार्यक्रममा सहभागी हुनेलाई कार्यक्रम भएको दिनको दैनिक भत्ता उपलब्ध हुने छैन। |
| ८ | स्टेशनरी खर्च (प्रति सहभागी) | १०० | १०० | १०० | |
| ९ | तालिम सामग्री | २,५०० | २,५०० | २,५०० | प्रतिइभेन्ट |
| १० | हल भाडा | १०,००० | ७,५०० | २,००० | प्रतिदिन |
| ११ | प्रतिवेदन तयारी तथा लेखन | १,००० | १,००० | १,००० | प्रतिइभेन्ट |
| १२ | उद्घाटन खर्च | २,००० | २,००० | २,००० | प्रतिइभेन्ट |
| १३ | भैपरी आउने तथा विविध खर्च | ३,००० | ३,००० | १,००० | |
| १४ | स्वास्थ्य सामग्री | ३,००० | ३,००० | ३,००० | प्रतिदिन |
| १५ | इन्धन खर्च | केन्द्रबाट प्रशिक्षण कार्यक्रम हुने जिल्लामा मात्र प्रतिजिल्ला रू. ३०००।- का दरले इन्धन खर्च सम्बन्धित निर्वाचन कार्यालयलाई उपलब्ध गराउने । | | | |

**नोटः**

१. आयोगका पदाधिकारी तथा सचिवालयबाट कर्मचारी खटिने जिल्लास्तरका कार्यक्रममा केन्द्र स्तरको मापदण्ड लागू हुनेछ ।

२.	सत्र मोडरेटरको हकमा केन्द्रीय तथा प्रदेशस्तरका प्रशिक्षणमा आयोगका माननीय प्रमुख निर्वाचन आयुक्त/निर्वाचन आयुक्त वा सचिव वा आवश्यकता अनुसार सहसचिवले गर्नुहुनेछ । जिल्ला स्तरको कार्यक्रममा शाखा अधिकृत वा सो भन्दा माथिल्लो तहको कर्मचारी तथा पदाधिकारीलाई खटाइने छ।

३.	केन्द्रस्तरको तालिम कार्यक्रममा विषय विज्ञताका आधारमा उपसचिव वा सोभन्दा माथिल्लो तहको कर्मचारीलाई स्रोतव्यक्तिको रूपमा खटाइनेछ भने प्रदेशस्तर र जिल्लास्तरका कार्यक्रममा केन्द्रबाट खटाउँदा शाखा अधिकृत वा सो भन्दा माथिल्लो तहको कर्मचारीलाई स्रोतव्यक्तिको रूपमा खटाइनेछ।

४.	जिल्लामा निर्वाचन अधिकारीको पद रिक्त रहेको वा जनशक्ति अभाव भएको अवस्थामा सचिवालयको निर्णयबाट प्रदेश/जिल्ला स्तरमा सञ्चालन हुने निर्वाचन/मतदाता शिक्षा लगायतका तालिम, गोष्ठी र कार्यशालामा स्रोतव्यक्तिको रूपमा आवश्यकता अनुसार विषय विज्ञताका आधारमा आयोग र प्रदेश/जिल्लामा कार्यरत राजपत्रअनंकित प्रथम श्रेणी वा सो सरहका कर्मचारीलाई पनि खटाइनेछ । साथै प्रशिक्षण कार्यक्रमको विषय क्षेत्र समेतका आधारमा आयोग बाहिरका विज्ञलाई समेत खटाउन सकिनेछ । तर त्यस्ता कर्मचारी आयोग वा अन्तर्गत काम गरेको र तालिम गोष्ठी लगायत विषयमा ज्ञान, सीप, अनुभव र दक्षता प्राप्त गरेको हुनुपर्नेछ।

## अनुसूची-३

(दफा ८ को उपदफा (१) सँग सम्बन्धित)

## निर्वाचन अधिकृतको कार्यालयमा रहने कर्मचारीको विवरण

### (क) मुख्य निर्वाचन अधिकृतको कार्यालयमा रहने कर्मचारीको विवरण

| क.सं | विवरण | संख्या | कैफियत |
|---|---|---|---|
| १ | मुख्य निर्वाचन अधिकृत | एक | |
| २ | सहायक निर्वाचन अधिकृत, रा.प.द्वितीय वा तृतीय श्रेणी वा अधिकृतस्तर सातौं वा आठौं वा नवौं वा दशौं तह | एक | |
| ३ | लेखा अधिकृत वा लेखापाल | एक | |
| ४ | सहायक कर्मचारी, प्रशासन (ना.सु. वा खरिदार वा पाँचौं वा चौथो तह) | एक | |
| ५ | कम्प्युटर अपरेटर (ना.सु. वा खरिदार वा पाँचौं वा चौथो तह) | एक | |
| ६ | सवारी चालक वा सयस | एक | |
| ७ | कार्यालय सहयोगी | दुई | |
| ८ | निजी सुरक्षा अधिकारी (पिएसओ) | एक | |
| | **जम्मा** | **९ (नौ)** | |

**द्रष्टव्य :** महानगरपालिका भएको क्षेत्रको अन्य प्रशासनिक कार्य सम्पादनका लागि रा.प. तृतीय श्रेणी वा अधिकृतस्तर सातौं वा आठौं तहको एक जना कर्मचारी थप हुनेछ ।

### (ख) निर्वाचन अधिकृतको कार्यालयमा रहने कर्मचारीको विवरण

| क.सं | विवरण | संख्या | कैफियत |
|---|---|---|---|
| १ | निर्वाचन अधिकृत | एक | |
| २ | सहायक निर्वाचन अधिकृत, रा.प.तृतीय श्रेणी वा अधिकृतस्तर सातौं वा आठौं तह | एक | |
| ३ | सहायक कर्मचारी, प्रशासन (ना.सु. वा खरिदार वा पाँचौं वा चौथो तह) | एक | |
| ४ | लेखापाल वा सहलेखापाल | एक | |
| ५ | कम्प्युटर अपरेटर (ना.सु. वा खरिदार वा पाँचौं वा चौथो तह) | एक | |
| ६ | सवारी चालक वा सयस | एक | |
| ७ | कार्यालय सहयोगी | दुई | |
| ८ | निजी सुरक्षा अधिकारी (पिएसओ) | एक | |
| | जम्मा | **९ (नौ)** | |

## अनुसूची-४

(दफा १४ र दफा २६ को उपदफा (१) र (२) सँग सम्बन्धित)

## निर्वाचन अधिकृतको कार्यालय सञ्चालन तथा व्यवस्थापन र मतगणनासम्बन्धी खर्च

| क्रसं. | खर्च शीर्षक | रकम रू. | |
|---|---|---|---|
| | | मुख्य निर्वाचन अधिकृतको कार्यालय | निर्वाचन अधिकृतको कार्यालय |
| **(क) निर्वाचन अधिकृतको कार्यालय सञ्चालन तथा व्यवस्थापन खर्च** | | | |
| १ | कार्यालय सञ्चालन तथा फर्निसिङ | ५०,०००।- | ४०,०००।- |
| २ | पानी तथा बिजुली महशूल | ५०,०००।- | ४५,०००।- |
| ३ | सञ्चार खर्च | ३०,०००।- | ३०,०००।- |
| ४ | घर तथा गोदाम भाडा (सम्झौता बमोजिम) | ६०,०००।- | ६०,०००।- |
| ५ | सवारी तथा अन्य मर्मतसम्भार | ३५,०००।- | ३०,०००।- |
| ६ | इन्धन तथा अन्य इन्धन | ४०,०००।- | ३५,०००।- |
| ७ | विविध खर्च | २०,०००।- | १५,०००।- |
| **(ख) मतगणनासम्बन्धी खर्च** | | | |
| १ | मतगणना व्यवस्थापन खर्च :- | | |
| | (क) महानगरपालिका वा उपमहानगरपालिकामा | ४०,०००।- | ३०,०००।- |
| | (ख) नगरपालिकामा | २५,०००।- | २५,०००।- |
| | (ग) गाउँपालिकामा | २०,०००।- | २०,०००।- |
| २ | मतगणना चिया खाजा खर्च (प्रतिसिफ्ट) | ५,०००।- | ५,०००।- |

**द्रष्टव्यः**

(१) मुख्य निर्वाचन अधिकृतको कार्यालय प्रयोजनको लागि दफा ७ को उपदफा (२) बमोजिम घर भाडामा लिनुपर्ने अवस्थामा महानगरपालिका र उपमहानगरपालिकामा प्रतिमहिना तीस हजार रूपैयाँ, नगरपालिकामा पच्चीस हजार रूपैयाँ र गाउँपालिकामा बीस हजार रूपैयाँमा नबढ्ने गरी घरभाडामा लिन सकिनेछ ।

(२) निर्वाचन अधिकृतको कार्यालयको लागि दफा ७ को उपदफा (४) बमोजिम थप घर वा कोठा भाडामा लिनुपर्ने अवस्थामा प्रति महिना पन्ध्र हजार रूपैयाँमा नबढ्ने गरी घर वा कोठा भाडामा लिन सकिनेछ ।

(३) सवारी साधन नचल्ने जिल्लाका निर्वाचन अधिकृतको कार्यालयमा सरकारी घोडा रहेको भए घोडाको दाना बापत प्रतिदिन पाँचसय रूपैयाँका दरले इन्धन तथा अन्य इन्धन खर्च शीर्षकबाट खर्च गर्न सकिनेछ ।

(४) निर्वाचन अधिकृतको कार्यालयको लागि सरकारी सवारी साधन उपलब्ध हुन नसकी निजी सवारी साधन प्रयोग गर्ने निर्वाचन अधिकृतले इन्धन र मर्मत बापत निर्वाचन अवधिभर एकमुष्ठ दश हजार रूपैयाँ मर्मत तथा सम्भार खर्च शीर्षकबाट पाउनेछ ।

(५) कार्यालय प्रयोजनको लागि निजी ल्यापटप प्रयोग गर्ने निर्वाचन अधिकृतले मर्मत सम्भार खर्च बापत निर्वाचन अवधिभर एकमुष्ठ दश हजार रूपैयाँ कार्यालय सञ्चालन तथा फर्निसिङ खर्च शीर्षकबाट पाउनेछ ।

## अनुसूची-५

(दफा १५ को उपदफा (१) सँग सम्बन्धित)

### मतदान केन्द्रमा खटिने कर्मचारीको विवरण

**(क) ५०० सम्म मतदाता भएको मतदान केन्द्रका लागि मतदान केन्द्रमा खटिने कर्मचारीको विवरण**

| क्रसं. | विवरण | संख्या | कैफियत |
|---|---|---|---|
| १ | मतदान अधिकृत | एक | |
| २ | सहायक मतदान अधिकृत (मतदातालाई मतपत्र दिन समेत) | एक | |
| ३ | सहायक कर्मचारी (मतदाता नामावली रूजु गर्न) | एक | |
| ४ | सहयोगी कर्मचारी | एक | |
| ५ | स्वयंसेवक (मतदाताको नङमा मसी लगाउन महिला १, तथ्याङ्क फारम भर्नको लागि १, मतदाताको लाइन व्यवस्थापन र अन्य सहयोगको लागि १) | तीन | |
| | **जम्मा** | **सात** | |

**(ख) ५०१ देखि माथि मतदाता भएको मतदान केन्द्रका लागि मतदान केन्द्रमा खटिने कर्मचारीको विवरण**

| क्र.सं | विवरण | संख्या | कैफियत |
|---|---|---|---|
| १ | मतदान अधिकृत | एक | |
| २ | सहायक मतदान अधिकृत | एक | |
| ३ | सहायक कर्मचारी (मतदाता नामावली रूजु गर्न, मतपत्र दिन) | दुई | |
| ४ | सहयोगी कर्मचारी | एक | |
| ५ | स्वयंसेवक (मतदाताको नङमा मसी लगाउन महिला १, तथ्याङ्क फारम भर्नको लागि १, मतदाताको लाइन व्यवस्थापन र अन्य सहयोगको लागि १) | तीन | |
| | **जम्मा** | **आठ** | |

## अनुसूची-६

(दफा १५ को उपदफा (२), दफा १६ को उपदफा (१), दफा १७, १८ र १९ को उपदफा (१) र दफा २२ को उपदफा (४) सँग सम्बन्धित)

**मतदान केन्द्र र घुम्ती टोलीमा खटिने कर्मचारीको दैनिक भत्ता, मतपेटिका ढुवानी र मतदान केन्द्र निर्माण लगायतका खर्च**

| क्रसं. | विवरण | दर रू. | कैफियत |
|---|---|---|---|
| १ | मतदान अधिकृत | २,५००।- | प्रतिदिन |
| २ | सहायक मतदान अधिकृत | २,०००।- | प्रतिदिन<br>अधिकृत स्तरको कर्मचारी सहायक मतदान अधिकृत भएमा दैनिक भत्ता तथा भ्रमण खर्च मतदान अधिकृत सरह हुनेछ। |
| ३ | सहायक कर्मचारी | १,६००।- | प्रतिदिन |
| ४ | सहयोगी कर्मचारी | १,२००।- | प्रतिदिन |
| ५ | स्वयंसेवक | १,२००।- | प्रतिदिन |
| ६ | मतदान केन्द्र निर्माण खर्च | ५,०००।- | भवन उपलब्ध भएका मतदान केन्द्रको लागि |
| | | १०,०००।- | भवन उपलब्ध नभएका मतदान केन्द्रको लागि |
| ८ | मतपेटिका ढुवानी खर्च | १,०००।- | प्रति १५ कि.मि. वा ६ कोषको एक दिन कायम गरी |
| ९ | विविध तथा भैपरी आउने खर्च (पानी बिजुली र सञ्चार सुविधा समेत) | ५,०००।- | |
| १० | घुम्ती टोली प्रमुख (रा.प. द्वितीय वा अधिकृतस्तर नवौं वा दशौं तह) | २,५००।- | प्रतिदिन |
| ११ | घुम्ती टोली सवारी चालक | १,६००।- | प्रतिदिन |
| १२ | घुम्ती टोलीको सवारी साधनको इन्धन | ३,०००।- | प्रतिदिन |
| १३ | घुम्ती टोलीको खाजा खर्च | २,०००।- | प्रतिदिन |
| १३ | कार्यालय सहयोगी | १,२००।- | प्रतिदिन |

**अनुसूची-७**

(दफा २३ सँग सम्बन्धित)

मुख्य निर्वाचन अधिकृत/ निर्वाचन अधिकृतको कार्यालय,

........... (स्थानीय तहको नाम र जिल्ला)

## दैनिक भत्ता तथा भ्रमण खर्च र मतदान केन्द्र सम्बन्धी खर्च बुझाएको भर्पाई

नियुक्तिपत्रको च.नं. ... मितिः- ..........

१. खटिएको मतदान केन्द्रः .........

२. मतदान केन्द्रको क्रम संख्याः .........

३. सदरमुकामबाट मतदान केन्द्रको दूरी (कि.मी.मा) .........

४. सवारी साधन नचल्ने स्थानबाट मतदान केन्द्रसम्म र मतदान केन्द्रबाट सम्बन्धित निर्वाचन अधिकृतको कार्यालयसम्म आउँदा लाग्ने दिन (प्रतिदिन ६ कोष वा १५ कि.मी. को दरले) .........

५. मतपेटिका ढुवानी गर्न लाग्ने जम्मा दिन (आतेजाते समेत) .........

६. मतदान अधिकृत/सहायक मतदान अधिकृत/सहायक कर्मचारी/कार्यालय सहयोगी कर्मचारीको नाम, थरः ................. कर्मचारी संकेत नं. ..........

७. कार्यालयः ..................

८ . दैनिक भत्ता तथा भ्रमण खर्च र मतदान केन्द्र सम्बन्धी खर्चः

| क्र.सं. | विवरण | दर | दिन | संख्या | जम्मा | भ्रमण खर्च | कूल जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | दैनिक भत्ता तथा भ्रमण खर्च | | | | | | | |
| २ | विविध तथा भैपरी आउने खर्च (पानी बिजुली सञ्चार सुविधा) | | | | | | | |
| ३ | स्वयंसेवकको दैनिक भत्ता | | | | | | | |
| ४ | मतदान केन्द्र निर्माण तथा व्यवस्थापन खर्च | | | | | | | |
| ५ | ढुवानी खर्च | | | | | | | |

माथि उल्लेख भए बमोजिम रकम बुझी लिने कर्मचारीको -

नामः सही र मितिः

रकम दिने कर्मचारीको -

नामः सही र मितिः

प्रमाणित गर्ने अधिकृतको -

नामः सही र मितिः

## अनुसूची-८

(दफा २५ को उपदफा (१) सँग सम्बन्धित)

**मतगणना टोलीमा खटिने कर्मचारीको विवरण**

| क्रसं. | विवरण | संख्या | कैफियत |
|---|---|---|---|
| १ | प्रमुख मतगणना अधिकारी (निर्वाचन अधिकृत) | एक | प्रतिसिफ्ट |
| २ | सहायक मतगणना अधिकारी (रा.प. तृतीय श्रेणी वा अधिकृत स्तर सातौं वा आठौं तह) | एक | |
| ३ | मतगणना सहायक (रा.प.अनं.प्रथम वा पाँचौं तह) | एक | |
| ४ | गणक<br>(क) कम्प्युटर अपरेटर एक जना<br>(ख) सहायक कर्मचारी एक जना | दुई | |
| ५ | कार्यालय सहयोगी | एक | |
| ६ | निजी सुरक्षा अधिकारी (पिएसओ) | एक | |
| | **जम्मा** | सात | |

## अनुसूची-९

(दफा २५ को उपदफा (३) र (६) सँग सम्बन्धित)

### मतगणनामा खटिने कर्मचारीको सुविधा

| क्रसं. | विवरण | दर रू. | कैफियत |
|---|---|---|---|
| १ | प्रमुख मतगणना अधिकारी (निर्वाचन अधिकृत) | २,५००। | |
| २ | सहायक मतगणना अधिकारी | २,०००। | |
| ३ | सहायक कर्मचारी/कम्प्युटर अपरेटर | १,६००। | प्रति सिफ्ट |
| ४ | कार्यालय सहयोगी | १,२००। | |
| ५ | निजी सुरक्षा अधिकारी (पिएसओ) | ६००।- | |

## अनुसूची-१०

(दफा २८ को उपदफा (३) सँग सम्बन्धित)

मुख्य निर्वाचन अधिकृत/ निर्वाचन अधिकृतको कार्यालय

........... (स्थानीय तहको नाम र जिल्ला)

### वर्गीकरण बमोजिमको खर्चको फाँटवारी

| सि.नं. | खर्च वर्गीकरणको क्रियाकलाप | विनियोजित रकम | ....महिना को खर्च | ......महिना सम्मको खर्च | बाँकी रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | निर्वाचन भत्ता | | | | | |
| २ | स्थानीय भत्ता | | | | | |
| ३ | दैनिक भत्ता तथा भ्रमण खर्च | | | | | |
| ४ | पानी तथा बिजुली महशूल खर्च | | | | | |
| ५ | सञ्चार खर्च | | | | | |
| ६ | कार्यालय सञ्चालन तथा फर्निसिङ | | | | | |
| ७ | घर तथा गोदाम भाडा खर्च | | | | | |
| ८ | मर्मत तथा सम्भार खर्च | | | | | |
| ९ | इन्धन तथा अन्य इन्धन खर्च | | | | | |
| १० | मतदानस्थल निरीक्षण खर्च | | | | | |
| ११ | विविध खर्च | | | | | |
| १२ | मतदान केन्द्रमा खटिने कर्मचारीको सुविधा खर्च | | | | | |
| १३ | मतदान केन्द्रको विविध तथा भैपरी आउने खर्च | | | | | |
| १४ | स्वयंसेवकको दैनिक भत्ता | | | | | |
| १५ | मतदान केन्द्र निर्माण तथा व्यवस्थापन खर्च | | | | | |
| १६ | ढुवानी खर्च | | | | | |
| १७ | मतगणना कर्मचारीको खर्च | | | | | |
| १८ | मतगणना व्यवस्थापन खर्च | | | | | |
| १९ | मतगणना खाजा खर्च | | | | | |
| २० | निर्वाचन व्यवस्थापन समितिको खर्च | | | | | |
| २१ | कार्यक्रम खर्च | | | | | |

.............................
तयार गर्ने

...........................
प्रमाणित गर्ने

## अनुसूची-११

(दफा ४२ को उपदफा (२) सँग सम्बन्धित)

## निर्वाचन सामग्री

| (क) मतदान सामग्री | | | |
|---|---|---|---|
| क्र.सं. | विवरण | क्र.सं. | विवरण |
| १ | मतदाता नामावली | २ | मतपत्र |
| ३ | मतपेटिका | ४ | सुरक्षण सील (मतदान केन्द्रमा पठाउने प्रयोजन) मतपेटिका |
| ५ | सुरक्षण सील (तालीम प्रयोजन) | ६ | नउड्ने मसी भएको मार्कर पेन |
| ७ | स्वस्तिक छाप (रबर) | ८ | मतपेटिका स्टीकर |
| ९ | स्वस्तिक छाप (पित्तल) | १० | अनुसुची फारामहरू |
| ११ | स्टाम्प प्याड मसी | १२ | छेकाबारा |
| १३ | रबर म्याट | १४ | लाहा |
| १५ | मार्कर पेन | १६ | स्ट्याम्प प्याड |
| १७ | पुसपिन (प्याकेट) | १८ | क्लिप पिन |
| १९ | स्केल | २० | स्टापलर मेशिन |
| २१ | स्टापलर पिन (बट्टा) | २२ | कैंची |
| २३ | ग्लुस्टिक | २४ | सोसर |
| २५ | पन्चिङ मेशिन | २६ | कर्मचारी परिचयपत्र (कार्ड होल्डर र डोरी सहित) |
| २७ | स्वयंसेवक परिचयपत्र (कार्ड होल्डर र डोरी सहित) | २८ | उम्मेदवार/निर्वाचन/मतदान प्रतिनिधि परिचयपत्र (कार्ड होल्डर र डोरी सहित) |
| २९ | मतगणना कर्मचारी परिचयपत्र (कार्ड होल्डर र डोरी सहित) | ३० | भित्र लेखिएको कार्ड |
| ३१ | बाहिर लेखिएको कार्ड | ३२ | पुरूष लेखिएको कार्ड |
| ३३ | महिला लेखिएको कार्ड | ३४ | हातहतियार निषेध लेखिएको कार्ड |
| ३५ | धुम्रपान निषेध लेखिएको कार्ड | ३६ | मतदाता क्रम संख्या....देखि....सम्म लेखिएको कार्ड |
| ३७ | मतदान केन्द्र लेखिएको कार्ड | ३८ | प्लाष्टिक थैलो |
| ३९ | प्लाष्टिक बोरा | ४० | निर्वाचन सम्बन्धी ऐन, नियम, निर्देशिका र कार्यविधि |
| ४१ | निर्वाचन आचारसंहिता | ४२ | प्लाष्टिक सुतली |
| ४३ | प्याकिङ टेप | ४४ | नेपाली कागजको चार किसिमको खाम |
| ४५ | निविदा मतपत्र राख्ने नेपाली खाम | ४६ | सेतो कागज A4 साइज |
| ४७ | रेकर्ड फाइल (फित्ता सहित) | ४८ | धागो |
| ४९ | सियो | ५० | खाप्सियो (बोरा सिलाउन मिल्ने) |
| ५१ | फलाटिन कपडा | ५२ | सलाई |
| ५३ | कोरा कपडा थैला (निर्वाचन अधिकृतको कार्यालयबाट मतदान केन्द्रसम्म मतपत्र लैजान र मतदान केन्द्रमा बाँकी रहेका सामानहरू फिर्ता ल्याउन) | ५४ | कोरा कपडा (दुई मिटरको टुक्रा) |
| ५५ | जेलपेन (कालो) | ५६ | जेलपेन (रातो) |
| ५७ | मैनबत्ती प्याकेट | ५८ | पोलबुक |

| (ख) अन्य सामग्री | | | |
|---|---|---|---|
| **क्र.सं.** | **विवरण** | **क्र.सं.** | **विवरण** |
| १ | डेस्कटप कम्प्युटर | २ | ल्यापटप कम्प्युटर |
| ३ | टोनर | ४ | फोटोकपी मेशिन |
| ५ | इन्भर्टर | ६ | इन्भर्टरको ब्याट्री |
| ७ | प्याकिङ सामग्री | ८ | फोटोकपी पेपर |
| ९ | प्रिन्टर | १० | राउटर |
| ११ | यु.एस.बि डंगोल डिभाइस (इन्टरनेटको लागि) | १२ | पेनड्राइभ |
| १३ | हार्डडिस्क | १४ | मसलन्द |

❀❀❀